का.जि.प्र.का.द.नं. १००/०५९/६०

७ असोज २०८३

बुधबार

23 September 2026

Wednesday

नेपाल संवत् ११४६

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २४४ | पृष्ठ ८

Madhyanha National Daily

www.madhyanhadaily.com


## सरकारका ६ महिना

# फेरिएन शासनशैली

- सेवाप्रवाहमा देखिएन सुधार
- ओझेलमा जेनजीका मुद्दा
- नयाँ रोजगारी नहुँदा बिदेसिने क्रम उस्तै
- नियुक्तिमा नातावाद, आशावाद र पार्टीवाद कायमै
- घर-घरमा राष्ट्रिय परिचयपत्र अन्योल
- निजी क्षेत्रमा लगानी वातावरण बनेन



मेरिटोक्रेसीका नाममा आफन्त र पहुँचवालालाई भर्ना गर्ने अनि समावेशितालाई पाखा लगाउने काम भयो । नागरिकमा भरोसा जगाउन सुशासनका आधार तय भएनन् ।

**डा. अमरेशकुमार सिंह**
सांसद, रास्वपा



सरकारको शासकीय शैलीमा नवीनता देखिएको छैन, आर्थिक सूचकहरू घटेका छन् । निजी क्षेत्रलाई डिस्करेज गरिएको छ । वैदेशिक रोजगारीमा जानेहरूको ग्राफ बढ्दो छ ।

**डा. दीपेश घिमिरे**
विश्लेषक



*संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन अमेरिका प्रस्थान गर्नुअघि प्रधानमन्त्रीलाई त्रिभुवन विमानस्थलमा बिदाइ गर्दै गृहमन्त्री सुधन गुरुङ र पर्यटनमन्त्री खड्कराज पौडेल ।*

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ६ असोज

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले चुनावी अभियानमा भनेका थिए, 'हामीलाई सरकार बनाउने मत दिनुस्, हामी विदेशका गल्ली-गल्लीमा सूचना टाँसेर बिदसिएका युवाहरूलाई नेपाल फर्काउँछौं ।' त्यस्तै, वरिष्ठ नेता वालेन्द्र शाह बालेन 'पैसा नभएकाहरूले स्वास्थ्य सेवा पाउनुपर्छ, त्यो हो हाम्रो एजेन्डा' भनेर जनतामाझ पुगेका थिए ।

गत फागुन २१ मा भएको प्रतिनिधिसभा निर्वाचनमा पुराना दलहरूप्रतिको तीव्र असन्तुष्टिसँगै सभापति लामिछाने र वरिष्ठ नेता बालेनको प्रतिबद्धतालाई विश्वास गरेर मतदाताले रास्वपालाई >>> पृष्ठ २ मा

## अध्यादेशबाट हटाइए १५ सयभन्दा बढी पदाधिकारी

# नयाँ ल्याउन पुरानै व्यवस्था ब्युताइँदै

विभिन्न बोर्ड, संस्थान, प्राधिकरण र परिषद्का १५ सयभन्दा बढी पदाधिकारीलाई एकैपटक हटाउन सरकारले अध्यादेश ल्यायो । ती हटेपछि सरकारले नयाँ नियुक्त गर्न पुरानै कानुनी व्यवस्था ब्यूँताउन विधेयक ल्याएको हो ।



अध्यादेश निष्क्रिय भएको मितिबाट अध्यादेश जारी हुनुअघि कायम रहेको साविकको व्यवस्था पुनः कायम गर्न आवश्यक भएकाले केही नेपाल ऐनको व्यवस्था जगाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक आवश्यक भएको हो ।

**वालेन्द्र शाह**
प्रधानमन्त्री

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ असोज

सरकारले 'केही नेपाल ऐनको व्यवस्था जगाउने सम्बन्ध व्यवस्था गर्न बनेको विधेयक २०८३' ल्याएको छ । यसको उद्देश्य सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश २०८३ ले खारेज गरेका प्रावधान जगाउनु हो । यो अध्यादेश २०८३ साल १९ गते जारी भएको थियो । जसले एकैपटक १५ सयभन्दा सार्वजनिक पदाधिकारीलाई पदमुक्त गरेको थियो ।

मंगलबार सोही अध्यादेशले खारेज गरेका व्यवस्था जगाउने गरी प्रधानमन्त्री प्रधानमन्त्री वालेन्द्र शाहले 'केही नेपाल ऐनको व्यवस्था जगाउने सम्बन्ध व्यवस्था गर्न बनेको विधेयक २०८३' ल्याएका हुन् । उनले विधेयकमै लेखेका छन्, 'अध्यादेश निष्क्रिय भएको मितिबाट अध्यादेश जारी हुनुअघि कायम रहेको साविकको व्यवस्था पुनः कायम गर्न आवश्यक भएकाले केही नेपाल ऐनको व्यवस्था जगाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक आवश्यक भएको हो ।'

यो कार्यकारी शक्तिको प्रयोगमाथिको प्रश्न हो । कानुनलाई राजनीतिक स्वार्थपूर्तिको माध्यम बनाएको उदाहरण पनि हो । अघिल्लो सरकारका पालामा नियुक्त भएका विभिन्न बोर्ड, संस्थान, प्राधिकरण र परिषद्का १५ सयभन्दा बढी पदाधिकारीलाई एकैपटक पदमुक्त गर्न सरकारले अध्यादेशको सहारा लियो । तर, नयाँ मान्छे नियुक्त गर्ने उद्देश्यले सरकारले तिनै पुराना कानुनी व्यवस्था ब्यूँताउन खोजेको छ ।

अध्यादेशको उद्देश्य कानुन सुधार नभएर पदमा रहेकालाई विस्थापन गर्ने उद्देश्य मात्रै राखेको देखाएको छ । यसले अध्यादेश ल्याउन सक्ने संवैधानिक अधिकारको दुरुपयोग भएको संविधानकै व्यवस्थाले देखाउँछ ।

संविधानको धारा ११४ मा अध्यादेशसम्बन्धी व्यवस्था छ । जहाँ भनिएको छ, 'संघीय संसद्को दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछ ।'

तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्ने भनेर संविधानले सरकारलाई सर्तसहित अध्यादेश ल्याउन सक्ने अधिकार दिएको छ ।

यस्तो अधिकारको प्रयोग गर्दै सरकारले सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश २०८३ जारी गरेर नेपाल विद्युत प्राधिकरण, नेपाल वायुसेवा निगम, नागरिक उड्डयन प्राधिकरण, प्रेस काउन्सिलजस्ता मुलुकका महत्त्वपूर्ण निकायका ऐनहरूलाई संशोधन र खारेज गरेको थियो । जसबाट ती निकायमा कार्यरत १५ सयभन्दा बढी पदाधिकारी पदमुक्त भएका थिए ।

संसद् अधिवेशन सुरु भएपछि त्यसलाई प्रतिस्थापन गर्ने विधेयक पनि सरकारले ल्याएन । अध्यादेश स्वतः निष्क्रिय भएपछि नयाँ नियुक्त गर्न पुरानै कानुन ब्यूँताउने गरी सरकारले विधेयक ल्याएको हो ।

प्रतिनिधिसभामा दर्ता भएको विधेयकको दफा २ मा अध्यादेशले संशोधन वा खारेज गरेका ८५ वटा ऐनका व्यवस्थाहरू 'स्वतः जागेको मानिने' उल्लेख छ । अर्थात्, अघिल्ला पदाधिकारी हटेसँगै रिक्त रहेका >>> पृष्ठ २ मा

# बाढीप्रभावितलाई नयाँ सहरमा सार्ने तयारी

भोटेकोशी र त्रिशूली बाढीबाट क्षतिग्रस्त तथा जोखिमयुक्त बस्तीलाई पुरानै स्थानमा नफर्काई सुरक्षित क्षेत्रमा नयाँ सहर तथा एकीकृत बस्ती बसाउने तयारी सरकारले गरेको छ । पुनःस्थापनाका लागि रसुवा, नुवाकोट र धादिङमा २७७ कित्ता जग्गा पहिचान गरिएको छ ।



बाढी प्रभावितहरुका लागि हामीले जग्गाको पहिचान गरिसकेका छौं, बस्ने-नबस्ने उहाँहरुको चाहना हो ।

**टुकुप्रसाद सुवेदी**
प्रवक्ता
उत्तरगया गाउँपालिका



जुन स्थानमा क्षति भएको हो, त्यही स्थानमा फर्काउने योजना छैन । विपद्पछिको पुनर्निर्माणलाई दीर्घकालीन र सुरक्षित बनाउन 'टाउनसिप' अवधारणा अघि सारिएको छ ।

**सुनील लम्साल**
पूर्वाधार विकासमन्त्री

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ६ असोज

सरकारले भदौ १० गते भोटेकोशी र त्रिशूली नदीमा आएको विनाशकारी बाढीबाट पूर्ण क्षति भएका तथा उच्च जोखिममा रहेका बस्तीलाई पुरानै स्थानमा पुनःस्थापना नगर्ने भएको छ । प्रभावित परिवारलाई सुरक्षित स्थानमा सारेर नयाँ सहर तथा एकीकृत बस्ती विकास गर्ने योजना अघि बढाइएको हो ।

बाढी गएको २७ दिनपछि सरकारले रसुवा, नुवाकोट र धादिङमा वैकल्पिक बसोवास नभएका प्रभावित परिवारको पुनःस्थापनाका लागि २७७ कित्ता जग्गा पहिचान गरेको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट गठित केन्द्रीय समितिले अध्ययन गरी सम्भावित जग्गासहितको प्रतिवेदन सरकारलाई बुझाएको हो । समितिका अनुसार पहिचान भएका २७७ कित्ता जग्गाको कुल क्षेत्रफल तीन हजार २७९ रोपनी दुई पैसा छ । रसुवामा १७७, नुवाकोटमा ९४ र धादिङमा ६ कित्ता जग्गा पहिचान गरिएको छ ।

क्षेत्रफलका आधारमा नुवाकोटमा दुई हजार ६६५ रोपनी ६ आना एक पैसा एक दाम, रसुवामा ५९१ रोपनी ९ आना एक पैसा दुई दाम र धादिङमा २२ रोपनी तीन पैसा एक दाम जग्गा पहिचान गरिएको प्रतिवेदनमा उल्लेख छ ।

### छैन पुरानै बस्तीमा फर्किने मन

२०७२ सालको भूकम्पपछि विस्थापित परिवारलाई सुरक्षित भन्दै पुनःस्थापना गरिएका कतिपय बस्तीमै पटक-पटक >>> पृष्ठ २ मा



## शुक्रबारदेखि भारी वर्षाको सम्भावना

### गण्डकी र लुम्बिनीमा पहिरो, बाढी र डुबानको जोखिम




बंगालको खाडीमा विकसित न्यूनचापीय प्रणाली थप शक्तिशाली बन्दै नेपालतर्फ सर्ने सम्भावना देखिएपछि मौसम पूर्वानुमान महाशाखाले सतर्क रहन आग्रह गरेको छ । बंगालको खाडीको पूर्वी भूभाग अर्थात् उत्तर अन्डमान सागर र आसपास विकसित भएको न्यूनचापीय प्रणाली थप >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# मलेसियाको सिन्डिकेट अन्त्यको विषय अब दुई देशका प्रधानमन्त्रीको तहमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ असोज





प्रधानमन्त्री वालेन्द्र शाह र मलेसियाली समकक्षी अनवर इब्राहिमबीच नेपाली श्रमिक भर्नामा बिचौलिया तथा सिन्डिकेट अन्त्य गर्ने विषयमा महत्वपूर्ण छलफल भएको छ ।

सिन्डिकेट र बिचौलियाले कामदारलाई हानि पुऱ्याउने भन्दै प्रधानमन्त्री शाहले दुवै देशका श्रममन्त्रीहरूबीच प्रत्यक्ष वार्ताका माध्यमबाट समस्या समाधानका लागि समेत आह्वान गरेका छन् ।

प्रधानमन्त्री शाहले मंगलबार बिहान मलेसियाली प्रधानमन्त्री इब्राहिमसँग टेलिफोन वार्ता गरी वैदेशिक रोजगारीमा मलेसिया जाने नेपाली श्रमिकको भर्ना प्रक्रियामा शोषण गर्ने सिन्डिकेट र बिचौलियाको अन्त्य हुनुपर्ने अडान राखेको प्रधानमन्त्री शाहको सचिवालयले प्रेस नोटमार्फत जनाएको छ । अदक्ष नेपाली श्रमिकको प्रमुख रोजगार गन्तव्य मलेसियामा श्रमिक भर्नाका लागि >>> पृष्ठ २ मा

## राष्ट्रिय अभिमुखीकरण तालिम संघको नयाँ नेतृत्व चयन



**काठमाडौं/मस**– राष्ट्रिय अभिमुखीकरण तालिम संघको अध्यक्षमा विष्णुबहादुर कार्की निर्वाचित भएका छन् । मंगलबार सम्पन्न संघको तेस्रो वार्षिक साधारणसभाले कार्कीको अध्यक्षतामा १३ सदस्यीय कार्यसमिति निर्वाचित गरेको हो ।

संघको प्रथम उपाध्यक्षमा जय प्रकाश यादव, वरिष्ठ उपाध्यक्षमा मनोजकुमार चौधरी, उपाध्यक्षमा छत्रबहादुर खड्का, महासचिवमा दण्डबहादुर आले, सचिवमा सुरेन्द्रकुमार झा र कोषाध्यक्षमा खेमकुमारी मल्ल निर्वाचित भएका छन् ।

यसैगरी सदस्यहरूमा मनोजकुमार महतो, सृजना पाण्डे >>> पृष्ठ २ मा




मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

७ असोज २०८३ बुधबार
23 September 2026 Wednesday

## फेरिएन...

दुईतिहाइनजिक मत दिए। अहिले प्रतिनिधिसभामा रहेको २७५ मध्ये १८२ सिट पाएको रास्वपा सरकारलाई काम गर्न कुनै अवरोध छैन। तर सरकारले दिने दैनिक सेवाप्रवाहमा समेत नागरिकले कुनै सकारात्मक परिवर्तनको महसुस गर्न पाएका छैनन्।

मालपोत, यातायात सेवा कार्यालय अथवा पासपोर्ट लिने ठाउँमा सेवाग्राहीको लाइन घटेको छैन। सरकारले नागरिकका अत्यावश्यकीय कागजात (पासपोर्ट, लाइसेन्स, शैक्षिक प्रमाणपत्र) हुलाकमार्फत घरघरै पुऱ्याउने योजना ल्याएको थियो। अहिले उक्त योजनासमेत अलपत्र परेको छ। हुलाकलाई रिफर्म गर्न सरकारले कुनै प्रणालीगत योजना नै ल्याउन सकेन। सरकार आफैंले घोषणा गरेका कामप्रति निरन्तर चुक्दै आएको यसले प्रस्ट्याउँछ।

चुनावपूर्व सभापति लामिछाने र वरिष्ठ नेता बालेनबीच भएको सहमतिअनुसार बालेनलाई रास्वपाले प्रधानमन्त्री बनाएको छ। पार्टीको नीति निर्देशन र एजेन्डाअनुसार सरकारले काम गर्न नसकेको स्वयं रास्वपाका नेताहरूले टिप्पणी गर्न थालेका छन्। तर सरकार गठनको ६ महिनासम्म प्रधानमन्त्री शाहलाई लगाम लगाउन कसैले सकेका छैनन्। रवि लामिछानेले नेतृत्व गरेको तत्कालीन रास्वपा र काठमाडौं महानगरपालिकाका तत्कालीन मेयर बालेन शाह समूहबीच भएको सम्झौताअनुसार न सरकार चलेको छ न पार्टी नै। अहिले पार्टी र सरकार आमनेसामनेजस्तै बन्न थालेका छन्। बालेन नेतृत्वको सरकारले जेनजीका मुद्दालाई सम्बोधन गर्न नसकेको जेनजी सहिद तथा घाइते परिवारका सदस्यहरूले आरोप लगाउन थालेका छन्। जेनजी घाइते तथा सहिद परिवारसँग सरकारले गरेका सहमति र सम्झौता कार्यान्वयन नभएको जेनजी घाइते समाजका अध्यक्ष बादल राईले बताए।

रास्वपाकै सांसदहरूले पछिल्लोपटक सरकारको कार्यशैली र परिणामलाई लिएर खरो आलोचना गर्दै आएका छन्। यसले सरकारले भन्दै आएको परिवर्तन र सुशासनको नारालाई नागरिकको जीवन व्यवहारमा ढाल्न नसकेको प्रस्ट सन्देश दिएको छ। रास्वपाका सांसद अमरेशकुमार सिंहले सरकारले मेरिटोक्रेसीका नाममा आफन्त र पहुँचवालालाई भर्ना गरेको आरोप लगाए। 'मेरिटोक्रेसीका नाममा आफन्त र पहुँचवालालाई भर्ना गर्ने अनि समावेशितालाई पाखा लगाउने काम भयो,' उनले भने, 'राज्यको दायित्व भनेको आवाजविहीनहरूको आवाज बन्नु र पछाडि पारिएका वर्गलाई माथि उठाउनु हो।'

मधेशमा एउटा कृषि विश्वविद्यालय, इन्जिनियरिङ वा मेडिकल कलेजसमेत नबनाएर राज्यले मधेशको विकासमा निरन्तर उपेक्षा गरिरहेको उनको दाबी छ। 'सरकारले लगानीकर्ता र नागरिकमा भरोसा जगाउने र सुशासन, विकास र समृद्धिको आधार तय गर्नुपर्ने हो,' उनले मध्यान्हसँग भने, 'तर यो सरकार गठन भएयता सीमा व्यवस्थापन अस्तव्यस्त बनेको छ। सर्वसाधारणका बालबालिकाले सहज रूपमा सरकारी सेवा र शिक्षा पाउने वातावरण बन्न सकेको छैन। लगानीकर्ताले दिल खोलेर लगानी गर्ने वातावरण छैन।'

मधेशमा गरिबी, महँगी र सीमा क्षेत्रमा जनताले पाएको सास्तीका कारण आक्रोश बढेको सिंहले बताए। व्यापारको नाममा हुने ठुला तस्करी रोकेर दैनिक उपभोगका लागि दुई किलो चिनी, तेल, साबुन वा दुइटा गन्जी किन्ने सर्वसाधारणलाई सास्ती नदिनेगरी सीमामा बजार व्यवस्थापन गर्नुपर्ने भन्दै सिंहले सरकारको ध्यानाकर्षण गराए।

रवि र बालेनबीच पार्टी रविले र सरकार बालेनले चलाउनेबाहेक अरू विषय ओझेलमा परेको देखिन्छ। प्रधानमन्त्री बालेन शाहप्रति आमनागरिकले गरेको अपेक्षा पूरा नभएको गुनासो बढ्दै गएका छन्। पुराना राजनीतिक दलको शासनशैलीबाट विरक्तिएका नागरिकले नयाँ आशा र भरोसासहितको बहुमत दिए पनि सरकार प्रणालीगत सुधारमा चुकेको आमटिप्पणी भइरहेको छ। सरकारले काठमाडौंमा महिलाहरूका लागि चलाउने भनेको ब्लु बस सञ्चालनमा समेत स्टन्ट देखाएर साझा यातायालाई प्रयोग गरेको छ। त्यो पनि प्रभावकारी हुन सकेको छैन।

जेनजी विद्रोहले जन्माएको सरकारले आन्दोलनको एजेन्डा बुझ्न नसक्दा नवीन शासनशैली नदेखिएको बताउँछन्, विश्लेषक डा. दीपेश घिमिरे। 'आर्थिक, सामाजिक र शासकीय शैली बदल्छ भनेर नागरिकले आन्दोलनबाट उठेको नयाँ शक्तिलाई दुईतिहाइनजिक मत दिएका थिए,' उनले भने, 'तर यो सरकारको शासकीय शैलीमा नवीनता देखिएको छैन। आर्थिक सूचकहरू घटेका छन्। निजी क्षेत्रलाई डिस्करेज गरिएको छ। वैदेशिक रोजगारीमा जानेहरूको ग्राफ बढ्दो छ।'

सबै मानिस राजनीतिमा पोख्त भएर एकैचोटि शासनशैली बदल्ने अवस्थामा नपुगे पनि अहिलेको सरकारले आशा जगाउन नसकेको उनको दाबी छ। सत्तारूढ दलमा सबै कुरा आफैं जान्ने छु भन्ने घमण्डबाहेक प्रणालीगत सुधारका नवीन आयाम नदेखिएको घिमिरेले टिप्पणी गरे। 'सरकारले प्रणालीगत सुधारमा कहाँनेर काम गऱ्यो ?' उनले प्रश्न गरेका छन्।

भ्रष्टाचार, बेरोजगारी, झुटा आश्वासन, लालपुर्जाको राजनीति र भूमिहीन नागरिकको पीडालाई उनीहरूले पटक-पटक चुनावी नारामा प्रयोग गरेर स्थायी समाधान दिन नसकेका विगतका सरकारभन्दा यो सरकार पनि फरक नदेखिएको विश्लेषकहरूको दाबी छ।

पूर्वसचिव श्याम मैनालीका अनुसार पुराना दल र नेताको असफलतालाई देखाएर सत्तामा पुगेको नयाँ सरकार अझ बढी जवाफदेही हुनुपर्ने हो। अहिले पनि सरकार अमुक व्यक्तिहरूकै घेराबन्दीमा परेको छ। सिंहदरबारको शासनसत्ता सल्लाहकारहरूले चलाइरहेका छन्। विगतमा पनि प्रधानमन्त्री र मन्त्रीहरूलाई यसैगरी सल्लाहकारहरूले चलाएका कारण सफल हुन नसकेको उनको तर्क छ। 'शासनसत्ता जिम्मेवार व्यक्तिले चलाउने हो। तर म सुन्दै छु कि अहिले पनि सरकारका प्रधानमन्त्री र मन्त्रीहरू सचिवालयले चलाएका छन्। यसले सुशासन दिन सक्दैन। बिचौलिया यस्तैबाट हावी हुने हो।'

सुरुमै राजनीतिक, प्रशासनिक र व्यावसायीमाथिको धडपकड, सुकुम्वासीमाथिको डोजर आतंक, कर्मचारीमाथिको दबाब, ट्रेड युनियन अधिकार हनन र विद्यार्थीमाथिको प्रतिबन्धलगायत विषयले सरकार सुरुमै आलोचित हुनुपरेको थियो। पछिल्लोपटक सरकारले खाली गराएका करिब १५ सय कर्मचारी र पदाधिकारी नियुक्तिमा खुला प्रतिस्पर्धाका नाममा आफ्नूअनुकूलका व्यक्तिलाई प्राथमिकता दिएको आरोप थपिएको छ। राजदूत नियुक्तिमा समेत राष्ट्रिय, अन्तर ाष्ट्रिय गैरसरकारी संस्थामा कार्यरत व्यक्तिलाई नियुक्त गरेको प्रश्न उठेका छन्। त्यस्तै, मन्त्री र सांसदहरूको सम्पत्ति स्रोतमाथिसमेत निरन्तर प्रश्न उठ्दा सरकार र स्वयं रास्वपा पार्टीसमेत मौन छ।

यो मौनताले सरकार प्रणालीगत सुधारमा नदेखिएको प्रस्ट हुने विश्लेषक घिमिरेको दाबी छ। शिक्षा, स्वास्थ्य र रोजगारमा कुनै परिवर्तन नभएको भन्दै उनले युवाहरू आर्थिक समस्याकै कारण आत्मदाह गर्ने स्थितिमा पुगेको कुरालाई सरकारले नजरअन्दाज गर्न नमिल्ने बताए। 'आर्थिक गतिविधि चलायमान देखिँदैन,' घिमिरेले भने, 'बैंकहरूमा पैसा जम्मा भएर बसेको छ, लगानीको वातावरण छैन। बेरोजगारी र निराशाले मानिसहरू आत्मदाहको अवस्थामा पुगेका छन्। स्मार्ट लाइसेन्स भनेर क्युआर राखेर वितरण गरेको छ। यो शासनशैली परिवर्तनको संकेत होइन।'

## अध्यादेशबाट...

पदहरूमा नयाँ नियुक्त गर्न सरकारलाई पुरानै ऐनका व्यवस्था चाहिएको छ। अध्यादेशमार्फत कानुन संशोधन गरेर सार्वजनिक पदाधकारी हटाउने र हटिसकेपछि फेरि पुरानै कानुन ब्युँताउने कार्यमा सरकार अग्रसर भएको हो।

## बाढीप्रभावितलाई...

बाढीपहिरोको जोखिम देखिएको छ। भदौ १० गतेको भोटेकोशी बाढीले त्यस्ता बस्तीमा समेत ठूलो क्षति पुऱ्याएपछि प्रभावित परिवार पुरानै ठाउँमा फर्किन अनिच्छुक देखिएका छन्।

उत्तरगया गाउँपालिकाका प्रवक्ता टुकुप्रसाद सुवेदीले प्रभावितका लागि गाउँपालिकाले जग्गा पहिचान गरिसकेको बताए। 'हामीले जग्गा पहिचान गरिसकेका छौं, बस्ने नबस्ने उहाँहरूको चाहना हो,' उनले भने। प्रभावित परिवार गाउँपालिकाको सम्पर्कमा आउन थालेको उनले जानकारी दिए।

नदीको बहाव क्षेत्र, पहिरोको जोखिम, भूगर्भीय अवस्था र भविष्यमा आउनसक्ने बाढीको सम्भावनासमेत अध्ययन गरेर बस्तीको स्थान निर्धारण गरिने पूर्वाधार विकास मन्त्रालयले जनाएको छ। मन्त्रालयका सूचना अधिकारी ज्ञानराज लम्सालले विगतको भूकम्पपछिको पुनर्निर्माणभन्दा फरक र वैज्ञानिक ढंगले पुनःस्थापना अघि बढाउनेबारे छलफल भइरहेको बताए। 'साविकको ठाउँमा बस्ने कुरा भएन, त्यसभन्दा सुरक्षित ठाउँमा बसाल्ने योजना छ,' उनले भने।

**'टाउनसिप' अवधारणामा नयाँ सहर**

पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले बाढीबाट क्षति भएका स्थानमा पुनः बस्ती बसाल्न सम्भव नभएको बताएका छन्। सोमबार बसेको पूर्वाधार विकास समितिको बैठकमा उनले प्रभावित नागरिकका लागि नयाँ सहर विकास गर्ने अवधारणा अघि सारिएको जानकारी दिए।

'अब हामी नयाँ सहर बनाउने अवधारणामा जानेछौं। अहिले भूकम्पभन्दा फरक तरिकाले जानुपर्नेछ,' उनले भने, 'जुन स्थानमा क्षति भएको हो, त्यही स्थानमा फर्काउने योजना छैन।'

सरकारले नयाँ बस्तीमा घर मात्र निर्माण नगरी उद्योग, बजार, विद्यालय, अस्पताल, खानेपानी, सडक, विद्युत्, सञ्चार र अन्य सार्वजनिक सेवासहितको एकीकृत पूर्वाधार विकास गर्ने योजना बनाएको छ। आवश्यक परे निजी जग्गासमेत खरिद गरेर बस्ती विकास गरिनेछ।

यसअघि सरकारले नापी विभागका महानिर्देशक प्रकाश जोशीको संयोजकत्वमा १३ सदस्यीय समिति गठन गरी प्रभावित तथा जोखिमयुक्त बस्तीका लागि उपयुक्त जग्गा पहिचान गर्ने जिम्मेवारी दिएको थियो। नयाँ बस्ती विकास गर्दा प्रभावित नागरिक र स्थानीय तहलाई सुरुदेखि नै सहभागी गराउने सरकारको योजना छ।

७ हजार ५७० घर पूर्ण क्षति

शहरी विकास तथा भवन निर्माण विभागका अनुसार बाढीपहिरोबाट नुवाकोटमा तीन हजार ९७७, धादिङमा तीन हजार ४५१ र रसुवामा एक हजार ७७९ घर क्षतिग्रस्त भएका छन्। त्यस्तै गोरखामा २६३ र चितवनमा १८९ घरमा क्षति पुगेको सरकारी तथ्यांक छ।

नुवाकोटको विदुरमा तीन हजार २६ घर, किस्पाङमा ६९६, बेलकोटगढीमा २९२ र तारकेश्वरमा ६३ घर क्षतिग्रस्त भएका छन्। धादिङको बेनीघाट रोराङमा एक हजार ३७, सिद्धलेकमा ३२८, गजुरीमा १०७ र गल्छीमा ९९ घरमा क्षति पुगेको छ। रसुवाको गोसाइँकुण्डमा एक हजार ४३, उत्तरगयामा ५६७, कालिकामा ११२ र आमाछोदिङ्मोमा ५७ घर क्षतिग्रस्त भएका छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको निर्णयअनुसार पाँच जनासम्मको परिवारलाई मासिक १५ हजार रुपैयाँ घरभाडा उपलब्ध गराउने व्यवस्था गरिएको छ।

## शुक्रबारदेखि...

शक्तिशाली बन्दै पश्चिम-उत्तरपश्चिमतर्फ सर्ने सम्भावना देखिएको महाशाखाले जनाएको छ। उक्त प्रणालीका कारण नेपालमा भारी वर्षा हुनसक्ने भएकाले सम्भावित जोखिमप्रति सचेत रहन महाशाखाले आग्रह गरेको हो।

विशेषगरी ९ देखि ११ असोजसम्म बंगालको खाडीबाट विकसित प्रणालीको प्रभाव नेपालमा बढ्ने र पश्चिमी वायुमण्डलीय प्रणालीसँग त्यसको अन्तरक्रिया हुने सम्भावना रहेको मौसमविद् मीनकुमार अर्यालले बताए। उनका अनुसार बुधबारदेखि नै मध्यम खालको वर्षा सुरु हुन सक्छ। 'मुख्य प्रभाव पार्ने वर्षाको विशेष मौसम बुलेटिन ९ देखि ११ गतेसम्मका लागि जारी गरिनेछ,' अर्यालले मध्यान्हसँग भने, 'हालसम्म यो प्रणाली चक्रवातमा परिणत भइसकेको छैन। त्यसैले यसको नामकरण भएको छैन र न्यूनचापीय क्षेत्रकै रूपमा अघि बढिरहेको छ।'

मौसमविद्का अनुसार यो प्रणाली न्यूनचापीय क्षेत्रबाट थप विकसित भई गहिरो मौसमी प्रणालीमा परिणत हुनसक्ने र दक्षिण ओडिसा-उत्तर आन्ध्र प्रदेशको तटीय क्षेत्रतर्फ पुग्न सक्ने प्रक्षेपण छ।

नेपालमा बंगालको खाडीबाट आउने मौसमी प्रणाली नयाँ भने होइन। मनसुनका समयमा बंगालको खाडीमा बन्ने न्यूनचापीय क्षेत्र तथा डिप्रेसनले दक्षिण एसियाको ठुलो भूभागमा जलवाष्प बोकेर ल्याउने गर्छ। 'बंगालको खाडीमा बनेको प्रणाली भारततर्फ कमजोर हुँदै गए पनि त्यसले बोकेको जलवाष्प र वायुमण्डलीय अवस्थाले नेपालमा लामो समयसम्म वर्षा गराउन सक्छ,' अर्यालले भने।

महाशाखाका अनुसार यसपटक लुम्बिनी र गण्डकी प्रदेशमा भारीदेखि धेरै भारी तथा एक-दुई स्थानमा अति भारी वर्षा हुनसक्ने सम्भावना छ। कोशी, बागमती र मधेश प्रदेशका पहाडी भूभागका केही स्थानमा मध्यम तथा थोरै स्थानमा भारी वर्षा हुनसक्ने अनुमान गरिएको छ। उच्च हिमाली तथा पहाडी भूभागका केही स्थानमा हिमपातसमेत हुनसक्ने महाशाखाले जनाएको छ।

मौसमविद् अर्यालका अनुसार मध्य-पूर्वी बंगालको खाडीमा बनेको न्यून चापीय क्षेत्र बिस्तारै पश्चिम र उत्तर-पश्चिमतर्फ सर्दै थप सशक्त भएर गहिरो मौसमी प्रणालीमा परिणत हुने देखिएको छ।

महाशाखाले मौसम प्रणालीको निरन्तर निगरानी गरिरहेको जनाएको छ। प्रणालीको अवस्था र प्रभावबारे आवश्यकताअनुसार थप सूचना तथा बुलेटिन जारी गरिने महाशाखाको भनाइ छ। पछिल्लो आधिकारिक मौसमसम्बन्धी जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेबसाइट तथा सामाजिक सञ्जालबाट सूचना लिनसमेत आग्रह गरिएको छ।

**सतर्क रहन आग्रह**

यसअघि परेको वर्षाका कारण माटो भिजेर कमजोर भएकाले आगामी वर्षाले पहाडी तथा भिरालो क्षेत्रमा पहिरोको जोखिम बढाउनसक्ने महाशाखाले जनाएको छ। पहिरोका कारण प्रमुख राजमार्ग तथा ग्रामीण सडक अवरुद्ध हुनसक्ने भएकाले जोखिमपूर्ण यात्रा नगर्न आग्रह गरिएको छ।

नदी तथा खोलाका तटीय क्षेत्रबाट टाढा रहन, कम उचाइ भएका डुबान सम्भावित क्षेत्र तथा पहिरोको जोखिममा रहेका कमजोर भिरालो जमिन आसपास बसोबास गर्नेले सुरक्षित स्थानमा स्थानान्तरणको तयारी गर्न महाशाखाले सुझाव दिएको छ। लामो दूरीको यात्रा वा पदयात्रामा निस्कनुअघि मौसम र सडकको पछिल्लो अवस्था बुझ्न पनि आग्रह गरिएको छ। प्रतिकूल मौसमका कारण हवाई उडान प्रभावित हुनसक्ने भएकाले विमानस्थल जानुअघि सम्बन्धित वायुसेवा कम्पनीसँग सम्पर्क गर्न भनिएको छ। बाढीको चेतावनी तथा मौसमसम्बन्धी आधिकारिक सूचना नियमित रूपमा प्राप्त गर्न जल तथा मौसम विज्ञान विभागको वेबसाइट हेर्न वा विभागको मौसमसम्बन्धी हटलाइन ११५५ मा सम्पर्क गर्न सकिनेछ।

यसैबीच, बंगालको खाडीमा विकसित वर्षा प्रणालीबाट नेपालमा पर्नसक्ने प्रभावबारे मनसुन प्रतिकार्य कमान्ड पोस्टको बैठकसमेत बसेको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा आइतबार बसेको बैठकमा न्यूनचापीय क्षेत्रका कारण नेपालमा हुन सक्ने वर्षा र त्यसबाट उत्पन्न हुनसक्ने जोखिमबारे छलफल भएको थियो।

बैठकमा नेपाल मौसम विज्ञान विभागका उच्च अधिकारीले मौसमी प्रणालीको अवस्था र नेपालमा पर्नसक्ने प्रभावबारे जानकारी गराएको प्राधिकरणले जनाएको छ।

## मलेसियाको...

त्यहाँको फरेन वर्कर सेन्ट्रल म्यानेजमेन्ट सिस्टम (एफडब्लुसिएमएस)मा २५ म्यानपावर कम्पनीलाई मुख्य र २५० कम्पनीलाई सहायक कम्पनी भनेर सूचीकरण गरिएपछि नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सिन्डिकेट भन्दै कडा विरोध जनाइरहेको छ। व्यवसायीहरू आन्दोलित अवस्थामा छन्।

संघको चर्को दबाबपछि यसअघि युवा, श्रम तथा रोजगार मन्त्री रामजी यादवले मलेसियाका लागि नेपालका कार्यवाहक राजदूत मोहम्मद फिर्दोस अजमानलाई मन्त्रालय बोलाएर श्रम आप्रवासनसम्बन्धी दुई देशका मुद्दाहरू द्विपक्षीय छलफल, परामर्श र सहमतिका आधारमा मात्र अगाडि बढाउन सकिने विषय मलेसिया सरकारलाई अवगत गराइदिन समेत अनुरोध गरेका थिए। द्विपक्षीय श्रम सम्झौतामा भएको व्यवस्थाअनुसार संयुक्त प्राविधिक समितिबाट यस प्रकारका विषयवस्तुहरू छलफल तथा वार्ताका माध्यमबाट टुंग्याउनुपर्ने नेपालले बताएको थियो।

श्रम र परराष्ट्र मन्त्रालयको कूटनीतिक पहलले परिणाम दिन नसकेको अवस्थामा मंगलबार प्रधानमन्त्री शाह आफैं अग्रसर भएर मलेसियाली समकक्षी इब्राहिमसँग छलफल गरेका हुन्। प्रधानमन्त्री शाहले नेपाल र मलेसियाबीचको वैदेशिक रोजगारीलाई अझ मर्यादित, पारदर्शी र शोषणमुक्त बनाउनुपर्ने आवश्यकतामा जोड दिँदै नेपाल सरकारले मलेसियाको वैदेशिक रोजगारीमा सिन्डिकेट र बिचौलियाहरूलाई स्वीकार गर्न नसकिने बताएका छन्। प्रधानमन्त्री सचिवालयले जारी गरेको नोटमा भनिएको छ, 'हामीलाई सिन्डिकेट र बिचौलिया प्रणाली मन पर्दैन र यो कुनै पनि परिस्थितिमा स्वीकार्य छैन। यसले कामदार हरूलाई समस्यामा पारेको छ।' प्रधानमन्त्री शाहले गलत अभ्यासहरू अव्यावहारिक र अनुचित भएको भन्दै स्थायी समाधान खोज्न मलेसियाका श्रममन्त्रीलाई नेपालका श्रममन्त्रीसँग प्रत्यक्ष वार्ता गर्न र संयुक्त कार्यदलमा छलफलका लागि निर्देशन दिन प्रधानमन्त्री इब्राहिमलाई आग्रह गरे।

जवाफमा मलेसियाका प्रधानमन्त्री इब्राहिमले सकारात्मक जवाफ दिँदै आफू पनि बिचौलिया अभ्यासको विरुद्धमा रहेको बताएका छन्। प्रधानमन्त्री कार्यालयको नोटअनुसार मलेसियाका प्रधानमन्त्री इब्राहिमले श्रम विवादमा देखा परेका मुद्दाहरू समाधान गर्न आफू सकारात्मक रहेको र श्रममन्त्रीलाई आफ्ना नेपाली समकक्षीसँग यस विषयमा छलफल गर्न र ठोस समाधान खोज्न तुरुन्तै निर्देशन दिने प्रतिबद्धता जनाएका छन्।

नेपालले सूचीकृत कम्पनीहरूमार्फत मलेसियाबाट आउने मागपत्र प्रमाणीकरण नगर्ने र त्यसमा पूर्वस्वीकृति समेत नदिने निर्णय गरेको छ।

मलेसियाका प्रमुख श्रम-स्रोत देशहरूमध्ये नेपाल तेस्रो स्थानमा छ। हाल मलेसियामा लगभग ४ लाख नेपाली कामदार कार्यरत छन्।

प्रधानमन्त्री शाह संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन मंगलबार अमेरिका प्रस्थान गरेका छन्। संयुक्त राष्ट्रसंघमा हुने महत्वपूर्ण सम्बोधनको तयारीका बीच श्रमिकका मुद्दामा मलेसियाका प्रधानमन्त्रीलाई ध्यानाकर्षण गराउने प्रधानमन्त्री शाहको कदमलाई वैदेशिक रोजगार व्यवसायीले अत्यन्तै सकारात्मक रूपमा लिएका छन्। संघले सिन्डिकेट हटाउन उच्चस्तरीय प्रयास गरेको भन्दै प्रधानमन्त्री शाहसहित श्रममन्त्री यादव र मन्त्रालयको प्रशासनिक नेतृत्वप्रति धन्यवाद र आभार व्यक्त गरेको छ।

यसैबीच संघले मलेसियाको फरेन वर्कर सेन्ट्रल म्यानेजमेन्ट सिस्टम (एफडब्लुसिएमएस) प्रणालीबारे अन्तर्राष्ट्रिय आप्रवासन संगठनको ध्यानाकर्षण गराएको छ।

संघका अध्यक्ष खत्री तथा पदाधिकारीहरू सम्मिलित प्रतिनिधिमण्डलले अन्तर्राष्ट्रिय आप्रवासन संगठन नेपालका कन्ट्री डाइरेक्टरसँग भेटघाट गरी एफडब्लुसिएमएस प्रणालीमा नेपालका २५ वटा इजाजतवाला संस्थालाई मुख्य संस्था तथा २५० वटा संस्थालाई सब-एजेन्टका रूपमा सूचीकरण गरिएको विषयमा विस्तृत छलफल तथा ध्यानाकर्षण गराएको हो।

उक्त भेटमा एफडब्लुसिएमएसको वर्तमान व्यवस्थाबाट एकाधिकार कायम हुन सक्ने अवस्था र नेपाली श्रमिकमाथि थप आर्थिक भार पर्न रोक्नुपर्ने विषयमा विशेष रूपमा छलफल भएको महासचिव हिराबहादुर डाँगी (हरि)ले जानकारी दिए।

यस्तै वैदेशिक रोजगार व्यवसायीहरूले समान अवसर र प्रतिस्पर्धाको आधारमा आफ्नो पेसा तथा व्यवसाय सञ्चालन गर्न पाउनुपर्ने विषयमा पनि छलफल भएको महासचिव डाँगीले बताए।

## राष्ट्रिय...

तिमल्सिना, उमेशकुमार चौधरी, हर्षिता साहू, रुशान पाण्डे र शान्ति भण्डारी निर्वाचित भएको संघको निर्वाचन समितिले जनाएको छ। साधारणसभामा १९३ व्यवसायी सहभागी रहेका थिए।


### Free Visa सहित कुवेतमा रोजगारीको अवसर

sea zen
कम्पनी : SEAZEN HOSPITALITY FOR RESTAURANT MANAGEMENT &CATERING CO. शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८३/०३/०५ चलानी नं.: ६०२५८५२४ LT. No.: 345395 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | waiter/waitress | 14 | 15 | सम्बन्धित काममा दक्ष | 140 | ६९६९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Supervisor | 5 | 0 | | 210 | १०४५४६ | | | | | | | |
| 3. | Runner/Assistant Waiter | 15 | 14 | | 135 | ६७२०८ | | | | | | | |
| 4. | Kitchen Steward | 13 | 0 | | 130 | ६४७१९ | | | | | | | |
| 5. | commis iii/general cook | 14 | 0 | | 140 | ६९६९७ | | | | | | | |
| 6. | Bartender / Barista | 6 | 11 | | 140 | ६९६९७ | | | | | | | |

नोट : सि.नं ४ बाहेकको पदमा अंग्रेजी राम्रोसँग पढन र लेख्न सक्ने हुनुर्पर्नेछ । गल्फ रिटनलाई विषेश प्राथमिक्ता दिइने छ ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज ११ र १२ गते (27 & 28 September 2026) मा हुनेछ ।

### युएईमा वैदेशिक रोजगारीको अवसर

कम्पनी : DULSCO L.L.C शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/१०/२० चलानी नं.: ६०२३२३४० LT. No.: 318003 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Forklifet Operator | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1850 | ७७,०७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Duty Drivers | 10 | 0 | | 2500 | १,०४,१५० | | | | | | | |
| 3. | Light Vehical Driver | 10 | 0 | | 1850 | ७७,०७१ | | | | | | | |
| 4. | Mechanics | 10 | 0 | | 2700 | १,१२,४८२ | | | | | | | |
| 5. | Porter | 75 | 0 | | 1075 | ४४,७८४ | | | | | | | |
| 6. | Porter Labour | 75 | 0 | | 900 | ३७,४९४ | | | | | | | |
| 7. | Welder (Gcc) | 10 | 0 | | 1400 | ५८,३२४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १४ गते (30 September 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Empower Huntr H.R. Solution Pvt. Ltd. Gov. Lic No. 1150/073/074
(साबिक Empower Human Resources Management Pvt. Ltd)
Sinamangal -9, Near by Hope Hospital, Kathmandu, Nepal, Tel.: 01-4560541, 01-4588265
Email: empowerhrnepal@gmail.com
सम्पर्क सूचना अधिकारी विनोद श्रेष्ठ ९८५१०४९७४६, विर्तामोड शाखा कार्यालय : ९८०६०८०४२६ (गंगाराम कार्की), ९८५२६७९०९९ (नविन), दमक : ९८५११८०२३३ (योगेश्यर उप्रेती), इटहरी : ९८१७०८८५५० (महेश थापा) चितवन शाखा कार्यालय : ९८५५०१६६३९, पोखरा सम्पर्क : ९८०४१६२७७१ (रिमा राना मगर), बुटवल सम्पर्क कार्यलय : ९८०२६७८५०१ (लक्ष्मी पोखेल)

### ओमनमा रोजगार

कम्पनी : BIN SINAN GLOBAL LLC शहर: Oman
पूर्व स्वीकृत मितिः २०८३/०६/०६ चलानी नं.: ६०२६१४७८ LT. No.:348249

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Western Food Cook | 3 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५९६१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook (General) | 3 | 0 | | 150 | ५९६१३ | | | | | | | |
| 3. | FOOD WAITER (MALE) | 3 | 0 | | 150 | ५९६१३ | | | | | | | |
| 4. | KITCHEN CLEANER /HELPER | 3 | 0 | | 150 | ५९६१३ | | | | | | | |

कम्पनी : AAISHA AL MAQBALI TRADING शहर: Oman
पूर्व स्वीकृत मितिः २०८३/०६/०६ चलानी नं.: ६०२६१४७७ LT. No.:348248

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cosmetics SalesLadies | 0 | 1 | स. काममा दक्ष | 180 | ७१५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALSHAIBANI DIAMOND शहर: Oman
पूर्व स्वीकृत मितिः २०८३/०६/०६ चलानी नं.: ६०२६१५०३ LT. No.: 348322

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 1 | 0 | स. काममा दक्ष | 150 | ५९,६१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १४ गते (30 September 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. श्रम इजाजत पत्र नं.: ३३६/०५९/०६०
Sinamangal-9, Kathmandu, Tel: +977-1- 4111286, 4111287

### यूएईमा रोजगार

कम्पनी: PROFILE RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C. शहर : UAE
पूर्व स्वीकृत मितिः २०८३/०६/०६ चलानी नं.: ६०२६१४८० L.T. No.: 348247

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/labour(Male) | 200 | 0 | स. काममा दक्ष | 1000 | ४१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १४ गते (30 September 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


AL JAZEERA OVERSEAS PVT. LTD. Govt. Lic. No. 1343/074/075
Samakhusi, Kathmandu, Nepal, Tel: 4970605,4952379, 9843304030 (Ashok Kumar Thapa), Fax: 4352379
E-mail: info@aljazeeraoverseas.com, Web.: www.alzeeraoverseas.com.np

### साउदीमा रोजगार

कम्पनी : BIN QURAYA COMPANY LTD शहर : SAUDI ARABIA
पूर्व स्वीकृत मितिः २०८१/०५/२८ चलानी नं.: ६०२५७११४ LT. No.: 343802 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welder | 5 | 0 | स. काममा दक्ष | 1800 | ७३३१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १४ गते (30 September 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


Sky Star Recruitment Pvt.Ltd. श्रम इजाजत नं. १०७८/०७३/०७४
Sukedhara-4, Kathmandu, Nepal. Phone No: 01-5902344, 5902345,9861482956 (Sabbir Ahmed Hussain)
PO Box no: 19122, Email: raza786md@yahoo.com, skystar1078@gmail.com,
info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com

### कतारमा रोजगार

कम्पनी: MANSAROBAR CONTRACTING HOSPITALITY AND CLAEANING शहर : DOHA
पूर्व स्वीकृत मितिः २०८२/०६/०६ चलानी नं.: ६०२६१५३३ L.T. No.: 348330

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautican | 0 | 3 | सम्बन्धित काममा दक्ष | 1700 | ७१,३६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Beautician (Hair Dressing, Manicure | 0 | 2 | | 1700 | ७१,३६६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १४ गते (30 September 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


Sara Khasa Human Resource Pvt.Ltd. श्रम इजाजत नं. १४५३/०७४/०७५
Old Baneshwor, Kathmandu, Nepal, Tel.: 01-4574798, 9808338626, 9851119676.
Email: sarakhasahr1453@gmail.com, website: www.sarakhasahr.org.np

# चालकको आत्मदाहपछि संसद्मा उठ्यो प्रश्न

## यातायात प्रणाली नै पुनरावलोकन गर्न माग

काठमाडौं/मस- त्रिपुरेश्वरमा बस चालक अर्जुन दोङ तामाङले आत्मदाह गरेको घटनालाई लिएर प्रतिनिधिसभामा सरकार र प्रशासनिक संयन्त्रमाथि प्रश्न उठेको छ ।

मंगलबारको बैठकमा सांसदहरूले घटनालाई ट्राफिक कारबाहीसँग मात्र जोडेर हेर्न नहुने भन्दै यातायात व्यवस्थापन, श्रमिक चालकको कार्यदशा, कानुनी प्रक्रिया र युवामा बढ्दो निराशाबारे सरकारको ध्यानाकर्षण गराए ।

राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद आसिका तामाङले ट्राफिक कारबाहीविरुद्धको उजुरी प्रक्रिया सहज बनाउनुपर्ने भन्दै अनलाइन प्रणाली लागू गर्न माग गरिन् । उनले ट्राफिक प्रहरीलाई बडी-वर्न क्यामेरा अनिवार्य गरी फोटो तथा भिडियो प्रमाणका आधारमा कारबाही गर्ने व्यवस्था गर्नुपर्ने बताइन् ।

नेपाली कम्युनिष्ट पार्टीकी सांसद बलावती शर्माले श्रमजीवी युवाले रोजीरोटीको साधनभित्रै आत्मदाह गर्नुपर्ने अवस्था कसरी सिर्जना भयो भन्ने प्रश्न गरिन् । उनले युवामा बढ्दो निराशाका कारणबारे गम्भीर अध्ययन गर्न सरकारसँग माग गरिन् ।

श्रम संस्कृति पार्टीका प्रमुख सचेतक आर्यन राईले त्रिपुरेश्वर घटनालाई युवामा बढ्दो निराशासँग जोडेर हेर्नुपर्ने बताए । यातायात क्षेत्रमा काम गर्ने श्रमिकले भोगिरहेका



समस्या समाधानका लागि तत्काल नीतिगत सुधार आवश्यक रहेको उनले बताए । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद आशिष गजुरेलले यातायात व्यवस्थापनमा दण्ड र जरिवानालाई मात्र प्राथमिकता दिने प्रणाली परिवर्तन गर्नुपर्ने बताए । चालकको मानसिक स्वास्थ्य, कार्यघण्टा, श्रम सुरक्षा तथा प्रविधिमैत्री ट्राफिक व्यवस्थापनमा राज्यले ध्यान दिनुपर्ने उनको भनाइ थियो । सांसदहरूले अर्जुन दोङको आत्मदाह र मृत्युको निष्पक्ष छानबिन गरी घटनाको वास्तविक कारण सार्वजनिक गर्न तथा मृतक परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन माग गरेका छन् ।

**निष्पक्ष छानबिन र कारबाहीको माग**

मकवानपुरका दोङको उपचारका क्रममा मृत्यु भएपछि कीर्तिपुरस्थित बर्न अस्पताल परिसरमा तनाव उत्पन्न भएको छ । दोङको मृत्युको खबर सार्वजनिक भएपछि उनका आफन्त तथा समर्थकहरू अस्पताल परिसरमा भेला भएर प्रदर्शन गरिरहेका छन् । उनीहरूले घटनाको निष्पक्ष छानबिन गरी जिम्मेवार पक्षमाथि कानुनी कारबाही गर्न माग गरेका छन् ।

मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-३ घर भएका दोङले सोमबार त्रिपुरेश्वरमा आफैँले चलाएको बसभित्र आत्मदाहको प्रयास गरेका थिए । ट्राफिक प्रहरीसँग भनाभन भएपछि उनले बसभित्रै आत्मदाहको प्रयास गरेको प्रारम्भिक विवरण छ । गम्भीर घाइते भएका दोङलाई उद्धार गरी उपचारका लागि कीर्तिपुरस्थित बर्न अस्पताल लगिएको थियो । उपचारकै क्रममा उनको मृत्यु भएको अस्पताल प्रशासनले पुष्टि गरेको छ ।

दोङको मृत्यु भएपछि आक्रोशित आफन्त तथा समर्थकहरू अस्पताल परिसरमा भेला भएका हुन् । उनीहरूले आत्मदाहको घटनाको कारण र त्यसअघिको परिस्थितिबारे गम्भीर अनुसन्धान गर्नुपर्ने माग गरेका छन् ।

प्रदर्शनकारीहरूले पीडित परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने, घटनामा दोषी देखिने व्यक्तिमाथि तत्काल कानुनी कारबाही गर्नुपर्ने तथा अनुसन्धानबाट प्राप्त तथ्य सार्वजनिक गर्नुपर्ने माग राखेका छन् ।

# इम्पावरको पहलमा युएईस्थित रोजगारदाताद्वारा बाढीप्रभावितका लागि २० हजार दिराम सहयोग



**काठमाडौं/मस-** वैदेशिक रोजगार क्षेत्रको अग्रणी संस्था इम्पावर हन्टर एचआर सोलुसन प्रा.लि.को पहलमा युएईस्थित एक रोजगारदाताले भोटेकोशी बाढीप्रभावितका लागि करिब ८ लाख ४० हजार रुपैयाँ बराबर हुने २० हजार दिराम सहयोग गरेको छ।

इम्पावर हन्टर एचआरका बिजनेस डेभलपमेन्ट डाइरेक्टर तीर्थबहादुर गिरीसमेतको उपस्थितिमा युएईस्थित रोजगारदाता सफारी हाइफर मार्केट ग्रुपका सञ्चालक अब्दुल साहिवले दुबईस्थित नेपाली महावाणिज्यदूत हरिप्रसाद ओडारीलाई उक्त रकम हस्तान्तरण गरेका छन् । उक्त रकम प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा जम्मा भएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका सचिव समेत रहेकम म्यानपावर सञ्चालन केदारनाथ अधिकारीले जानकारी दिए । कठिन समयमा आफूहरू नेपालको साथमा रहेको भन्दै सफारी सञ्चालक साहिवले बाढीबाट प्रभावित नेपाली जनतालाई सहयोग गर्न पाउँदा खुसी लागेको बताए । उनले कम्पनीले प्रदान गरेको रकम बाढी प्रभावित क्षेत्रमा प्रभावितहरूको स्वास्थ्य, शिक्षा, मेडिकल, तालिम, आवास जस्ता विषयमा सदुपयोग होस् भन्ने चाहेको पनि उल्लेख गरे ।

### लुटपाटपछि महिलाको हत्या घटना

# लाखौं खर्चको सिसिटिभी आवश्यक पर्दा बन्द




**लालबाबु बानियाँ/मध्यान्ह**
पर्सा, ६ असोज

पर्साको धोबिनी गाउँपालिका-५ धोबिनी गाउँमा अज्ञात समूहले लुटपाट गरी एक महिलाको हत्या गरेको घटनापछि स्थानीयमा त्रास र आक्रोश बढेको छ । घटनासँगै सार्वजनिक सुरक्षाका लागि जडान गरिएको सिसिटिभी क्यामेराको प्रभावकारिता र व्यवस्थापनमाथि समेत प्रश्न उठेको छ ।

धोबिनी गाउँ निवासी श्रीनिवास साह तुराहाकी श्रीमती लखराव देवी घरभित्र मृत अवस्थामा फेला परेकी थिइन् । प्रारम्भिक जानकारीअनुसार घटनास्थलमा घरको ढोका तोडफोड भएको र गरगहना लगायतका सामान लुटपाट भएको देखिएको प्रहरीले जनाएको छ । घटनाबारे प्रहरीले अनुसन्धान गरिरहेको छ ।

घटनापछि स्थानीयले भने सार्वजनिक सुरक्षाका लागि जडान गरिएका सिसिटिभी क्यामेरा आवश्यक परेको समयमा सञ्चालनमा नरहेको भन्दै आक्रोश व्यक्त गरेका छन् । स्थानीयका अनुसार वडा क्षेत्रमा करिब ८ लाख रुपैयाँ खर्च गरेर सिसिटिभी क्यामेरा जडान गरिएको थियो । तर, घटना भएको समयमा घटनास्थल आसपासका सिसिटिभी क्यामेरा सञ्चालनमा नरहेको स्थानीयको दाबी छ । सिसिटिभी सञ्चालनमा रहेको भए घटनाको समयमा उक्त क्षेत्रमा आवतजावत गर्ने व्यक्ति तथा सवारीसाधनको दृश्य अनुसन्धानका लागि महत्त्वपूर्ण प्रमाण बन्न सक्ने स्थानीयको भनाइ छ । सार्वजनिक सुरक्षाका लागि लाखौं रुपैयाँ खर्च गरेर जडान गरिएको सिसिटिभी आवश्यक परेको समयमा नै सञ्चालनमा नरहेको हो भने त्यसको जिम्मेवारी कसले लिने भन्ने प्रश्न स्थानीयले उठाएका छन् ।

स्थानीयले सिसिटिभी खरिद, जडान, सञ्चालन, मर्मतसम्भार तथा निगरानीका लागि भएको खर्चको विवरण सार्वजनिक गर्न माग गरेका छन् । साथै गाउँपालिका अध्यक्ष, सम्बन्धित वडा जनप्रतिनिधि तथा गाउँपालिका प्रशासनले सिसिटिभी व्यवस्थापन र सञ्चालनको अवस्थाबारे स्पष्ट जवाफ दिनुपर्ने उनीहरूको माग छ ।

गाउँपालिकाले सार्वजनिक सुरक्षाका लागि गाउँ-गाउँमा सीसीटीभी जडान गर्न करोडौं रुपैयाँ खर्च गरेको स्थानीयको भनाइ छ । तर तीमध्ये धेरै क्यामेरा सञ्चालनमा नरहेको उनीहरूको दाबी छ । सुरक्षाका लागि बजेट खर्च गर्ने तर त्यसको प्रभावकारी सञ्चालन, नियमित मर्मतसम्भार र निगरानी नगर्ने हो भने सार्वजनिक स्रोतको उपयोगमाथि नै प्रश्न उठ्ने स्थानीयले बताएका छन् ।


# भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति:
ई.सं. १२ मे १९४४

स्वर्गारोहण मिति:
ई.सं. १० अगस्ट २०२६

## स्व. ज्ञानेन्द्र मान श्रेष्ठ

हाम्रो जीवनका आधारस्तम्भ, आदरणीय **श्री ज्ञानेन्द्र मान श्रेष्ठ**को असामयिक निधनले हामीलाई स्तब्ध र अत्यन्त मर्माहत बनाएको छ । उहाँ एक समर्पित देशभक्त, इमानदार पत्रकार, आदर्श शिक्षक, स्नेही पति तथा पुजनीय पिता हुनुहुन्थ्यो । उहाँले आफ्नो सम्पूर्ण जीवन परिवार, समाज र देशप्रति समर्पित गर्नुभयो । पत्रकारिता र शिक्षणमार्फत समाजमा पुऱ्याउनुभएको योगदान सधैं सम्झनायोग्य रहनेछ । नेपाल, नेपाली संस्कृति र मातृभूमिप्रतिको उहाँको अटुट माया उहाँको जीवनको मूल आधार थियो । उहाँको आत्मीयता, सरलता, गहिरो ज्ञान र परिवारप्रतिको असीम माया हाम्रा लागि अमूल्य सम्पत्ति हो । उहाँको साथ, मार्गदर्शन र स्नेहले हाम्रो जीवनलाई सधैं उज्यालो बनाइरहनेछ । हामी- उहाँकी धर्मपत्नी रेशा मास्के र कान्छी छोरी डा. रोशी श्रेष्ठ ग्रीन उहाँको बिछोडमा गहिरो शोकमा छौं । ज्वाइँ ब्रायन ग्रीन तथा सम्पूर्ण परिवार यस दु:खद् घडीमा अत्यन्त मर्माहत छन् । उहाँको अनुपस्थितिले हाम्रो जीवनमा अपूरणीय रिक्तता सिर्जना गरेको छ । तर उहाँले छोड्नुभएको माया, संस्कार र प्रेरणाहरू सधैं हाम्रो हृदयमा जीवित रहनेछन् ।

उहाँप्रति **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दै
उहाँको आत्माको चिरशान्तिको कामना गर्दछौं ।

**श्रीमती : रेशा मास्के**
**कान्छी छोरी : डा. रोशी श्रेष्ठ ग्रीन**
**श्रेष्ठ परिवार**
**लस एन्जलस, क्यालिफोर्निया, संयुक्त राज्य अमेरिका**



# नाम, थर र जन्ममिति फरक परेको सूचना

चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं. ४ निवासी भारतीय सैनिक नं. १४३७०२०७एम हनरी नायब सुबेदार लाल बहादुर थापाले मेरो र तपसिल बमोजिमको परिवारको सदस्यको नागरिकता प्रमाणपत्र र पेन्सन अभिलेखमा नामथर र जन्ममिति फरक परे तापनि फरक नामथर र जन्ममिति भएका निजहरू एकै एकै व्यक्ति भएकाले एकै व्यक्ति भएको व्यहोरा प्रमाणित गरी पाऊँ भनी यस कार्यालयमा पेश गरेको निवेदन र भरतपुर महानगरपालिका ४ नं. वडा कार्यालयको च.नं. १०३१, मिति २०८३/०६/०५ को सिफारिस पत्रको आधारमा उक्त व्यहोरा भारतीय पेन्सन प्रयोजनार्थ प्रमाणित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | नागरिकता प्रमाणपत्रमा भएको नामथर | पेन्सन अभिलेखमा भएको नामथर | नाता | नागरिकतामा भएको जन्ममिति | पेन्सन अभिलेखमा भएको जन्ममिति |
|---|---|---|---|---|---|
| १ | हुमनाथ जैसी भन्ने लाल बहादुर थापा | LAL BAHADUR THAPA | पेन्सनर | २०२२/०१/१५ | सन् १८-१०-१९६५ |
| २ | डोलाकली जैसी थापा | DOLAKALI THAPA | श्रीमती | २०२६/०७/१५ | सन् १२-०५-१९७० |
| ३ | दिनेश पौडेल | DINESH THAPA | छोरा | २०४७/११/१५ | सन् ०२-०४-१९९२ |
| ४ | अर्चना पौडेल न्यौपाने | PARVATHI THAPA | छोरी | २०४८/०८/०६ | सन् १६-०६-१९९३ |



फोटोहरू क्रमश:
१. पेन्सनर लालबहादुर थापा,
२. श्रीमती डोलाकली थापा
३. छोरा दिनेश पौडेल, ४. छोरी अर्चना पौडेल न्यौपाने



# भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति:
ई.सं. १२ मे १९४४

स्वर्गारोहण मिति:
ई.सं. १० अगस्ट २०२६

## स्व. ज्ञानेन्द्र मान श्रेष्ठ

हाम्रा शुभेच्छुक दाइ, जनजागृति साप्ताहिकका प्रकाशक **ज्ञानेन्द्र मान श्रेष्ठ (ज्ञानी दाइ)**को ७२ वर्षको उमेरमा असामयिक निधन भएको आज ४५औं दिनको पूण्यतिथिमा स्व. श्रेष्ठप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दु:खद् घडीमा हाल लस एन्जलस, क्यालिफोर्निया, संयुक्त राज्य अमेरिका निवासी भाउजू रेशा मास्के, कान्छी छोरी डा. रोशी श्रेष्ठ ग्रीन र ज्वाइँ ब्रायन ग्रीन तथा सम्पूर्ण शोकाकूल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**सीतादेवी श्रेष्ठ**
प्रकाशक

**मदनकुमार श्रेष्ठ**
प्रधान सम्पादक

तथा
**मध्यान्ह परिवार**
Madhyanha National Daily
www.madhyanhadaily.com | Madhyanha TV | Madhyanha News
**भगवतीबहाल, नक्साल, काठमाडौं**



## कतारमा रोजगार

कम्पनी : TIME ALSHAI — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८३/०२/०७ चलानी नं.: ६०२५५७८२ L.T. No.: 342426 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter(Male) | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५८७७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Sandwich Maker | 4 | 0 | | 1400 | ५८७७२ | | | | | | | |
| 3. | Salad Cook | 2 | 0 | | 1400 | ५८७७२ | | | | | | | |
| 4. | Juice Maker | 11 | 0 | | 1400 | ५८७७२ | | | | | | | |
| 5. | Coffee Maker | 6 | 0 | | 1400 | ५८७७२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १४ गते (30 September 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**EQUATOR INTERNATIONAL (P.) Ltd.** LIC. NO. 746/064/065
कार्यालय: गोंगबु चोक, काठमाडौं, नेपाल Tel No: 014986469 / 014986470
Mob. No: 9851011886 (Arjun Panta), 9851096808
Email: equator746@gmail.com | Website: www.equatorintl.com



## मलेसियामा रोजगार

कम्पनी: BINTANG PLASTICS INDUSTRIES SDN BHD. — शहर : MALAYSIA
पूर्व स्वीकृत मिति: २०८३/०५/०३ चलानी नं.: ६०२५९८९३ L T. No.: 346381

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Operator | 12 | 0 | स. काममा दक्ष | 1700 | ६३८०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १४ गते (30 September 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

JobSpot International Pvt. Ltd. Lic. No.: 835/066/067
**जबस्पट इन्टरनेशनल प्रा.लि.**
चप्पल कारखाना-०४ काठमाडौं, फोन: ४०१५५००,४०१५६००,४०१५५१६, फ्याक्स : ४०१५७०६



## मलेसियामा रोजगार

कम्पनी : EDUBEST PLANTATION HOLDINGS SDN BHD — शहर : MALAYSIA
पूर्व स्वीकृत मिति: २०८३/०६/०६ चलानी नं.: ६०२६१५११ LT. No.:348287

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plantation Worker | 50 | 0 | स. काममा दक्ष | 1700 | ६३८०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १४ गते (30 September 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**M.B. HUMAN RESOURCE PVT. LTD.** श्रम इजाजत पत्र नं.: १५०४/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 4016801, Fax : 4016804 | E-mail : admin@mbmanpower.com.np
Web.: www.mbmanpower.com.np



## साउदीमा रोजगार

कम्पनी: Midline Logistics Company — शहर: Saudi Arabia,Dammam
पूर्व स्वीकृत मिति: २०८३/०६/०५ चलानी नं.: ६०२६१४५५ LT. No.: 348129

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 1 | 0 | स. काममा दक्ष | 1600 | ६५१६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १४ गते (30 September 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Worldwide Employment Consultant P. Ltd.**
License No. 127/055/056
Tokha-10, Kathmandu Nepal, Phone No: 00977-1-4958795, 4955696
P O Box No.: 77Email: info@wwhr.com.np, wwpspa@hotmail.com
Website: www.wwhr.com.np



## साउदीमा रोजगार

कम्पनी: Koyee International container Industrial Company — शहर: Saudi Arabia,Al khobar
पूर्व स्वीकृत मिति:२०८३/०६/०६ चलानी नं.: ६०२६१५१६ L.T. No.: 348302

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter (Form Work) | 1 | 0 | स. काममा दक्ष | 1500 | ६१०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: Mouhana Mohammed Al-Madallah Son's Company For Trading & Contracting — शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति:२०८३/०६/०६ चलानी नं.: ६०२६१५१८ L.T. No.: 348304

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DUMBER & MIX ER DRIVER | 5 | 0 | स. काममा दक्ष | 1900 | ७७३८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: Sons Of Abdullah Mohammad Al Saqabi Company — शहर: Saudi Arabia,Al Qassim
पूर्व स्वीकृत मिति:२०८३/०६/०६ चलानी नं.: ६०२६१५१५ L.T. No.: 348301

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Worker | 3 | 0 | स. काममा दक्ष | 1200 | ४८८७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १४ गते (30 September 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अल समिट म्यानपावर प्रा.लि.**
सामाखुसी, टाउनप्लानिङ, काठमाडौं, फोन नं.: ४९८२२२२, ४९८२४४४, ४९८६५४४, फ्याक्स: नं. ४९८१३६४
Website: www alsmmc com E mail: alsamitmanpower495@gmail com



## युएईमा रोजगार

कम्पनी: LE MACARON SWEETS L.L.C — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८३/०६/०६ चलानी नं.: ६०२६१४९५ LT. No.: 348242

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | (FACTORY/GENERAL) WORKER | 20 | 10 | स. काममा दक्ष | 1200 | ४९९९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १४ गते (30 September 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**KANGAROO HUMAN RESOURCES PVT. LTD.**
Govt. Lic. No.: 1381/074/075
P O box No: 12772, Battisputali-9, Kathmandu, Phone No: 01-4565882,4565885, 9801854401 (Thula Lama) 9802376740 (Lila Bharati (Shreeejana)), E-mail : kangaroohumanrec@gmail.com, Web.: www.kangaroohr.com

मध्यान्ह
www.madhyanhadaily.com
७ असोज २०८३ बुधबार
23 September 2026 Wednesday

## सम्पादकीय

# वित्तीय अपराध रोक

नेपालमा वित्तीय अपराधको बढ्दो तथ्यांक डरलाग्दोसँग बढेको छ । छोटो समयमै धेरै कमाउने लोभ, कमजोर निगरानी, प्रविधिको दुरूपयोग र अपराधको बदलिँदो स्वरूपले वित्तीय अपराधलाई थप जटिल बनाउँदै लगेको छ । पछिल्ला पाँच आर्थिक वर्षमा वित्तीय अपराधका मुद्दा करिब साढे चार गुणाले बढेको देखिन्छ, जुन चिन्ताजनक छ । नेपाल प्रहरीका अनुसार, कुल मुद्दामध्ये करिब २८ प्रतिशत आर्थिक तथा वित्तीय अपराधसँग सम्बन्धित छन् । त्यसमध्ये ८४ प्रतिशत बैंकिङ कसुरका छन् । बैंकिङ कसुरमा पनि चेक अनादरका घटना ठुलो हिस्सा छन् । यसले वित्तीय अपराधको स्वरूप कति व्यापक बन्दै गएको छ भन्ने देखाउँछ ।

अझ चिन्ताको विषय प्रविधिको प्रयोगबाट हुने अपराध हो । हुन्डी, भर्चुअल करेन्सी र प्रविधिजन्य ठगी बढिरहेको सरकारी तथ्यांकले देखाएको छ । अरूको बैंक खाता वा डिजिटल वालेट प्रयोग गरेर पैसा सार्ने र ठगीमा संलग्न हुने प्रवृत्ति बढिरहेको छ । अवैध रकमको कारोबार लुकाउन 'मनी म्युल'का रूपमा अरूका खाता प्रयोग गर्ने सञ्जाल विस्तार हुनु थप चुनौती हो । वित्तीय अपराध अब एउटा बैंक, एउटा संस्था वा एउटा निकायको मात्र समस्या रहेन । अपराधीको सञ्जाल देशभित्र मात्र सीमित छैन । प्रविधिका कारण सीमा पारबाट हुने कारोबार, संगठित अपराध र सम्पत्ति शुद्धीकरणका जोखिमसमेत बढेका छन् । यस्तो अवस्थामा परम्परागत अनुसन्धान प्रणालीले मात्रै परिणाम दिन सक्दैन ।

नेपालका लागि अर्को महत्त्वपूर्ण विषय अन्तर्राष्ट्रिय वित्तीय निगरानी पनि हो । सम्पत्ति शुद्धीकरण निवारणमा प्रभावकारी काम गर्न नसके मुलुकको वित्तीय प्रणालीप्रति अन्तर्राष्ट्रिय विश्वास कमजोर हुन सक्छ । त्यसैले 'ग्रे-लिस्ट'बाट बाहिरिने प्रयासलाई औपचारिक प्रक्रिया पूरा गर्ने विषयमा मात्र सीमित गर्नु हुँदैन । वित्तीय अपराध नियन्त्रणको प्रभावकारी प्रणाली नै यसको आधार बन्नुपर्छ ।

यसका लागि नेपाल राष्ट्र बैंक, नेपाल प्रहरी, केन्द्रीय अनुसन्धान ब्युरो, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र अन्य सम्बन्धित निकायबीच प्रभावकारी सूचना आदानप्रदान र अनुसन्धान आवश्यक छ । अपराध भएपछि कारबाही गर्नेभन्दा जोखिम पहिचान गरेर सुरूमै रोक्ने प्रणाली बलियो बनाउनुपर्छ ।

बैंक तथा वित्तीय संस्थाले पनि ग्राहक पहिचान, शंकास्पद कारोबारको निगरानी र डिजिटल कारोबारको सुरक्षा प्रणालीमा पर्याप्त ध्यान दिनुपर्छ । नागरिक स्वयंले पनि आफ्नो बैंक खाता, वालेट वा डिजिटल माध्यम अरूलाई प्रयोग गर्न दिनु जोखिमपूर्ण हुन्छ भन्ने बुझ्न आवश्यक छ ।

वित्तीय अपराध नियन्त्रण राज्यको मात्र जिम्मेवारी होइन । तर राज्यका निकायले यसको नेतृत्व गर्नुपर्छ । वित्तीय सुशासन बलियो भए मात्र अर्थतन्त्रमा विश्वास बढ्छ । त्यसैले अबको प्राथमिकता अपराधको तथ्यांक संकलन गर्ने मात्र नभई अपराध गर्ने संरचना र सञ्जाल भत्काउने हुनुपर्छ । वित्तीय अपराध रोक्न बलियो कानुनसँगै बलियो निगरानी, प्रविधि र निकायगत समन्वय आवश्यक छ ।

# मरण यस्तो होस्

मानिसको जीवन अन्त्य अकाट्य छ । तर उसले बाँचुन्जेल गरेको कर्म, दिएको योगदान र समाजमा छाडेको प्रभावले उसलाइ अमर बनाउँछ । धन, वैभव, पद, प्रतिष्ठा समयक्रमसँगै हराएर जान्छन् । परन्तु असल कर्मले छोएको मन, बाँडेको ज्ञान, दिएको योगदान र प्रेरणा समाजको स्मृतिमा लामो समयसम्म रहिरहन्छन् ।

अग्रलेख



● डा. देवीप्रसाद आचार्य

मानिस जन्मन्छ, बाँच्छ र एकदिन यो संसारबाट बिदा लिन्छ । मृत्यु सत्य छ । तर मृत्यु पछि बाँच्नेहरू महान् व्यक्ति हुन् । केही व्यक्तिहरू शरीरले संसार छाडेर गए पनि आफ्ना, विचार, कर्म तथा समाजलाई दिएको योगदानका कारण स्मरणमा बाँचिरहन्छन् । उनीहरूको योगदान विद्यालयदेखि विश्वविद्यालयसम्मको पाठ्यपुस्तकमा लेखिन्छन् । स्मारकहरू बन्छन् । उनीहरूको नाममा संघ, संस्था, अस्पताल, राजमार्ग निर्माण हुन्छन् । प्रतिष्ठान खोलिन्छ । उनीहरूको योगदानको अध्ययनले नयाँ पुस्ता प्रेरित हुन्छ । यस कोणबाट हेर्दा जीवन मृत्युपछि पनि नसकिने अस्तित्व रहेको पुष्टि हुन्छ ।

जीवनको मूल्य केवल आफूले व्यक्तिगत फाइदाका लागि कति उपलब्धि हासिल गरेँ भन्ने होइन, आफूले अरूलाइ कति दिन सकेँ भन्ने विषयले मापन हुन्छ । कुनै पनि मानिसको मृत्युपछाडि उसको सम्पत्ति, पद, प्रतिष्ठा, वा भौतिक उपलब्धिको स्मरण दीर्घकालीन हुँदैन । पद र पैसा क्षणिक हुन्छन् । उसले समाजका लागि दिएको योगदानका आधारमा समाजले स्मरण गर्दछ । यो जगत्मा कसैले ज्ञान दिएर अमर भए भने कसैले समाजको लागि ज्यान दिएर । कसैले सेवा दिएर योगदान दिएको पाइन्छ भने कसैले नयाँ विचार । यसरी हेर्दा आफ्नो अनुपस्थितिमा समाजमा प्रतिविम्बित रहिरहने कर्म र योगदान नै साँचो स्मरण हो । सुनाम हो ।



अमेरिकी धार्मिक नेता कार्ल डब्ल्यु बएनरले भनेका छन्, 'मानिसले तिमीले के भन्यौ भन्ने बिर्सन सक्छन्, तर तिमीले उनीहरूलाई कस्तो अनुभूति गरायौ भन्ने कहिल्यै बिर्सँदैनन् भनेका थिए ।' मानिसको मृत्युपश्चात् शरीर माटोमा विलीन हुन्छ । तर उसले जीवनकालमा समाजका लागि गरेको असल कर्म उदाहरण बनेर पुस्तौंपुस्तासम्म रहिरहन्छ । सुनाम त्यो हो, जसले पदमा रहुन्जेल मात्र नभएर उसले गरेको कामले समाज, राष्ट्र र सिंगो देशको भाग्य र भविष्यमा ठुलो योगदान पुऱ्याएको हुन्छ ।

समाजको स्मरणमा जीवन्त रहने राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यक्ति एवं व्यक्तित्वहरू धेरै छन् । राजनीतिको क्षेत्रमा स्मरण गर्न लायक व्यक्तिमध्ये दक्षिण अफ्रिकाका राजनेता नेल्सन मन्डेला, भारतका महात्मा गान्धी, सिंगापुरका लि क्वान युलगायतका राजनेताहरूको आफ्नो देशमा मात्र नभएर विश्व समुदायमा समेत स्मरण भइरहन्छ । समाज नतमस्तक हुन्छ । उनीहरूको बायोग्राफी अध्ययन गर्दा पाठकहरूले ऊर्जा प्राप्त गर्दछन् ।

बेन्जामिन ड्रेसेलीको भनाइमा, 'महान् व्यक्तिको साँचो विरासत उसको महान् नामको स्मृति र उसले छाडेको महान् उदाहरण हो, भन्ने छ । ड्रेसेलीको भनाइलाई आधार मानेर हेर्दा मानिसको सच्चा कर्म भनेको उसले जीवनकालमा समाजलाई दिएको उदाहरणीय कार्य हो । मानिसको जीवनको स्थायी सम्पत्ति पनि सामाजिक स्मरण नै हो । परन्तु मरणपछाडि बाँकी रहने स्मरण भने संयोगले मिल्दैन । त्यो त व्यक्तिले बाँचुन्जेल गरेको सत्कर्मको परिणाम हो ।

त्यसो त हरेक मानिसलाई सामाजिक इज्जत, प्रतिष्ठा, मान सम्मान प्रिय हुन्छ । परन्तु यो कमाइको लागि त्याग, तपस्या, समर्पण, दृष्टिकोण, बलिदान, परोपकारको भावनाजस्ता गुणहरूको आवश्यकता पर्छ । गौतम बुद्ध, राजा जनक, सीता, भृकटीहरूले समाजलाई छाडेको स्मरण होस् कि राजनीतिक क्षेत्रमा देशको इतिहासलाई गर्व गर्नलायक बनाउन सफल राष्ट्रनिर्माता पृथ्वीनारायण शाह, भीमसेन थापा, भक्ति थापा, अमरसिंह थापाहरूको काम होस् । उनीको योगदानलाई आजको पुस्ताले मात्र होइन, भोलिको पुस्ताले समेत स्मरण गर्नेछ । उनीहरूको योगदानबाट प्रेरणा लिनेछ ।

नेपाली समाजको स्मरणमा डेरा जमाएर बस्न सफल व्यक्ति एवं व्यक्तित्वहरूलाई नेपाल आमाले जन्म दिएकी छिन् । प्रजातन्त्रका लागि प्राण त्याग गर्ने सहिदहरू, प्रजातन्त्रका सेनानी विश्वेश्वरप्रसाद कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, मदन भण्डारी, मनमोहन अधिकारीलगायत नेतागणले पनि इतिहासको कालखण्डमा समाज र देशको लागि योगदान दिए । समाजले बिर्सिन नसक्ने काम गरेर गए । समाजमा स्मरणमा रहन सफल भए ।

मानिसले मृत्युलाई जन्मसँगै लिएर आएको हुन्छ । मृत्युबाट कोही पनि उम्कन सक्दैन । तर सामाजिक स्मृतिबाट बाँच्ने बाटो भने हरेक मानिससँग हुन्छ । त्यो बाटो भनेको असल कर्मको बाटो हो । जीवनको मूल्यांकन मानिसले व्यक्तिगत रूपमा के कति कमायो, कुन पदमा छ भन्नेसँग हुँदैन । पद अस्थायी हुन्छ । तर असल काम स्थायी हुन्छ । हाम्रो देशको सन्दर्भमा वर्तमान राजनीतिक अभ्यासलाई हेर्दा उच्च पदले सुनामभन्दा कुनाम कमाएको अवस्था छ । पद र अधिकारसँग भ्रष्ट आचार, लोभ, लालचको विकास भएको देखिन्छ । स्वार्थ र छलछामले काम गरेको देखिन्छ ।

जीवनमा परिश्रम गरेर कमाउनु महानता हो । मिहिनेत गरेर कमाउनुको मजा छुट्टै छ । इज्जत बेग्लै छ । सन्तोष फरक छ । परन्तु अहिले समाजमा धन आर्जनको लागि अनैतिक काम गर्ने, कालोबजारी, तस्करी, ठगी, चोरी, चकारी गरी सम्पति कमाउने क्लेप्टामेनियाँका रोगीहरू बढ्दै गएको देखिन्छ । राजनीति, प्रशासन, व्यापार लगायत क्षेत्रहरू सेवामुखी बन्न सकेका छैनन् । पद, पैसा र प्रतिष्ठाका खातिर हरेक राजनीतिक पार्टीहरूका बीचमा घात, अन्तरघात, प्रतिघातसँगै राजनीतिक अस्थिरता बढ्दै छ । देशमा पटक-पटक भएका राजनीतिक परिवर्तनहरू संस्थागत हुन नसक्नुका पछाडि पनि राजनीति क्षेत्रमा विकसित लोभ, लालसा तथा आत्मकेन्द्रित आडम्बरले भूमिका खेलेको पाइन्छ ।

त्यसो त सत्यको बाटो सजिलो हुँदैन । परन्तु अन्त्यमा ढिलो भए पनि सत्यको नै जित हुन्छ । लोभ, घमण्ड र स्वार्थले क्षणिक फइदा दिए तापनि मानिसका यस्ता गुणहरू पतनका मार्ग हुन् । सुनामको लागि स्मरण योग्य काम नै गर्नुपर्दछ । त्यसो त इतिहासका कालखण्डहरूमा कुनामका पछाडि जोडिएका नामहरू सुन्ने गरिन्छ । महाभारतको युद्धमा धृतराष्ट्र र दुर्योधनले कुनाम कमाए । उनीहरूबाट समाजले राम्रो काम सिक्ने ठाउँ भएन । अर्जुन र विदुरले सुनाम कमाए । पाण्डवहरूले सत्यको बाटोमा लागेको हुनाले सुनाम कमाउन सफल भए । राम र रावणको बीचमा भएको युद्धमा गलत बाटोमा लागेकाले रावणले बदनाम कमाए । रावणका आफ्नै भाइ विभीषणले सत्यको पक्ष लिएकोले सुनाम कमाए । सत्यमेव जयते भनिन्छ । सत्य तितो हुन्छ । तर अन्त्यमा सत्यको जित हुन्छ । सत्यसँग स्मरण जोडिएको हुन्छ ।

मानिसको जीवन अन्त्य अकाट्य छ । तर उसले बाँचुन्जेल गरेको कर्म, दिएको योगदान र समाजमा छाडेको प्रभावले उसलाइ अमर बनाउँछ । धन, वैभव, पद, प्रतिष्ठा समयक्रमसँगै हराएर जान्छन् । परन्तु असल कर्मले छोएको मन, बाँडेको ज्ञान, दिएको योगदान र प्रेरणा समाजको स्मृतिमा लामो समयसम्म रहिरहन्छन् । यस कोणबाट जीवनलाइ हेर्दा कुनै पनि पद, पैसा वा स्थानको रवाफ खहरेखोलाजस्तो हो । यसको स्थायित्व हुँदैन । जुन चिजको स्थायित्व हुँदैन, त्यसमा बुद्धिमान् मानिसले जोड दिनु हुँदैन । भ्रमित हुनु हुँदैन ।

अन्त्यमा, माहुरी भएर उड्न सकियो भने फूलमा गएर बस्न सकिन्छ । सुगन्धित रसपान गर्न सकिन्छ । झिंगा भएर उडियो भने उसको गन्तन्व्य फोहोर हो । ऊ फोहोरमा गएर बस्छ । त्यो फोहोर आफूले मात्र उपयोग गर्दैन, अरूलाई समेत रोग सार्दछ । एउटा झिँगाबाट सरेको रोगले समाज महामारी फैलिन सक्दछ । त्यसैले हामीले अरूको कुभलो होइन, भलो हुने काम गर्नुपर्दछ । बदनामदेखि डराउनुपर्दछ । बदनामदेखि तर्सनुपर्दछ । सुनाम आर्जन गर्ने बाटोमा लाग्नुपर्दछ । जीवनको सबैभन्दा ठुलो उपलब्धि आफ्नो मरणपछि पनि सम्झन लायक भएर बाँच्नु हो । मृत्युले जीवनको यात्राको अन्त्य गरे तापनि बाँचुन्जेल समाजका लागि गरेका असल कर्मले मानिसलाई अमर बनाउँछ । त्यसैले जीवनमा असल कर्म गरौं ।

# सार्वजनिक बिदा, कार्यघण्टा र उत्पादकत्व

सरोकार



● डा. सुमनकुमार रेग्मी

*नेपालमा साताको बिदा र कार्यघण्टामा भइरहने अस्थिरताले उत्पादकत्व प्रभावित भएको छ । अनावश्यक राष्ट्रिय बिदा कटौती गरी स्वेच्छिक धार्मिक बिदा, समयअनुसार फरक कार्यालय समय तथा हप्ताको ४० घण्टा कार्यघण्टा कायम गर्ने स्पष्ट नीति निर्माण गर्नु अबको आवश्यकता हो ।*

नेपालमा सार्वजनिक बिदा र कार्यालय समयसम्बन्धी नीति पटक-पटक परिवर्तन हुँदै आएको छ । २०७९ जेठ १ देखि लागू गरिएको हप्ताको दुई दिन (शनिबार र आइतबार) बिदा दिने र कार्यालय समय बिहान ९:३० देखि साँझ ५:३० सम्म कायम गर्ने निर्णय असारमै रद्द गरी पुनः शनिबार मात्र बिदा दिने पुरानै व्यवस्थामा फर्कियो । त्यसैगरी २०५६ देखि २०६१सम्म पनि हप्ताको पाँच दिन र दैनिक आठ घण्टा गरी ४० घण्टाको कार्यहप्ता सञ्चालनमा ल्याइएको थियो । तर कार्यान्वयनमा देखिएका केही व्यावहारिक चुनौतीलाई औंल्याउँदै पुनः पुरानै परिपाटी कायम गरियो ।



नेपालमा राणाकालदेखि नै शनिबार एक दिन बिदा दिने चलन रहँदै आएको भए पनि काठमाडौंस्थित बिदेसी कूटनीतिक नियोगहरूमा भने अद्यापि शनिबार र आइतबार गरी दुई दिन बिदा दिने चलन कायमै छ । कर्मचारीलाई पर्याप्त आराम र सन्तुष्टि मिल्दा उनीहरूको उत्पादकत्व बढ्ने तथ्यलाई ध्यानमा राख्दै पश्चिमा मुलुकहरूको मोडलमा नेपालमा पनि हप्ताको दुई दिन बिदा दिने र बाँकी दिनमा ४० कार्यघण्टा पूरा गराउनेलगायत विषय समय-समयमा उठ्ने गरेका छन् ।

हाम्रोजस्तो सामाजिक-आर्थिक संरचना र देशको भौगोलिक बनावटका कारण धेरैजसो चाडपर्वलाई त्याग्न नसकिने अवस्था छ । यही सांस्कृतिक विविधता र सामाजिक बिदाका कारण वर्षभरि धेरै सार्वजनिक बिदा दिनुपर्ने बाध्यता रहँदै आएको छ । अर्कोतर्फ, सरकारी कार्यालयमा १० देखि ५ सम्म हाजिर गरे पनि कर्मचारीहरू व्यक्तिगत काममा बाहिरिने र कार्यालय समयको पूर्ण सदुपयोग नहुने परिपाटीले उत्पादकत्वमा प्रत्यक्ष असर पुऱ्याएको छ ।

यस अवस्थामा नेपालको परम्परागत बिदा प्रणालीमा व्यावहारिक परिमार्जन गर्न सकिन्छ । उदाहरणका लागि, राणाकालीन शनिबार बिदाको सट्टा आइतबार बिदा दिने र शनिबार कार्यालय खुला राख्ने अन्तर्राष्ट्रिय अभ्यास अपनाउन सकिन्छ । साथै, छिमेकी मुलुकहरूमा जस्तै दिउँसो १ देखि २ बजेसम्म १ घण्टा सम्पूर्ण कार्यालय बन्द गरी खाजा तथा विश्रामको समय तोक्न सकिन्छ । सो अवधिबाहेक बाँकी समयमा कर्मचारीलाई कार्यालय बाहिर जान कडा प्रतिबन्ध लगाई कडा अनुशासन कायम गर्ने हो भने कार्यघण्टाको बचत भई कार्यालयको उत्पादकत्वमा व्यापक वृद्धि हुने निश्चित छ ।

काठमाडौं उपत्यकाको भौगोलिक स्वरूप, साना भवन र साँघुरा गल्लीका कारण सडक विस्तार गर्नुभन्दा ट्राफिक व्यवस्थापन गर्नु मुख्य चुनौती बनेको छ । एकैपटक सबै कार्यालयका गाडी सडकमा ओर्लंदा हुने सवारी चाप घटाउन फरक-फरक कार्यालय समय लागू गर्ने नयाँ सोच आवश्यक छ । उदाहरणका लागि, कूटनीतिक नियोगहरू बिहान ९:०० बजे, सरकारी कार्यालयहरू ९:३० बजे र संस्थान, समिति तथा अन्य कार्यालयहरू १०:०० बजे खुलाउने व्यवस्था मिलाउन सकिन्छ ।

धार्मिक तथा सांस्कृतिक बिदा व्यवस्थापनका सन्दर्भमा, सबै धर्म र चाडपर्वलाई समान मान्यता दिन वार्षिक रूपमा करिब २० देखि २२ दिनको 'स्वेच्छिक बिदा' (संक्रामक/ल्याप्स भएर जाने)को व्यवस्था गरिनुपर्छ । यसबाट जुनसुकै समुदायका कर्मचारीले पनि आफ्नो धर्म-संस्कृतिअनुसारको चाडपर्वमा स्वेच्छिक बिदा लिन सक्नेछन् । तर यसका लागि हाल दिइँदै आएका परम्परागत धार्मिक तथा जातीय राष्ट्रिय बिदा कटौती गरिनुपर्छ । यसो गर्दा दसैं-तिहारजस्ता ठुला चाडपर्वमा पनि सेवा दिन इच्छुक कर्मचारीका लागि कार्यालय खुला राखी सेवा प्रवाहलाई निरन्तरता दिन सकिन्छ, जसले देशको आर्थिक गतिविधि र विकासलाई थप गति दिनेछ ।

अहिले दिइँदै आएका कतिपय सार्वजनिक बिदाको राष्ट्रिय उपादेयतामाथि पुनर्विचार गर्नुपर्ने बेला आएको छ । उदाहरणका लागि, तराईका बासिन्दालाई ल्होसारबारे स्पष्ट जानकारी नहुन सक्छ भने हिमाली भेगका बासिन्दालाई छठ पर्वबारे थाहा नहुन सक्छ । त्यसैगरी, काठमाडौं उपत्यकामा मनाइने घोडेजात्रा, इन्द्रजात्रा, गाईजात्रा र मछिन्द्रनाथको रथजात्राबारे उपत्यकाबाहिरका नागरिक बेखबर हुन सक्छन् । गणतन्त्र दिवसजस्ता राष्ट्रिय महत्त्वका सीमित दिनहरूमा मात्र देशभर सार्वजनिक बिदा दिएर क्षेत्र वा समुदायविशेषका बिदालाई स्वेच्छिक बनाउनु नै सार्वजनिक प्रशासनलाई सुदृढ र उत्पादक बनाउने सही बाटो हुनेछ ।

**(लेखक व्यापार तथा निकासी प्रवर्धन केन्द्रका पूर्वनायब कार्यकारी निर्देशक हुन् ।)**

## इतिहासको पाना

● सुनिल उलक

# एसएलसी परीक्षाको इतिहास



पहिलो पटक मेट्रिकुलेशन परिक्षा दिन गएका खड्ग शमशेर र उतिर्ण गरेका चन्द्रशमशेर

वि.सं. १९१० मा स्थापित दरबार स्कुलसँगै नेपालमा औपचारिक शिक्षाको जग बस्यो । सुरुवातमा माध्यमिक तहको अन्तिम परीक्षा (म्याट्रिकुलेसन) कलकत्ता विश्वविद्यालयले लिने गर्दथ्यो । वि.सं. १९३६ मा परीक्षा दिन कलकत्ता पुगेका खड्गशमशेर अनुत्तीर्ण भए पनि अर्को वर्ष १९३७ मा उनका भाइ चन्द्रशमशेर राणा परिवारमै पहिलो म्याट्रिक उत्तीर्ण गर्ने व्यक्ति बने । वि.सं. १९८० देखि यो परीक्षा पटना विश्वविद्यालयअन्तर्गत सञ्चालन हुन थाल्यो ।

वि.सं. १९८५ मा नेपालमै परीक्षा बोर्ड गठन भयो र १९९० कात्तिक १६ गते जुद्धशमशेरले 'एसएलसी (प्रवेशिका) परीक्षा बोर्ड' स्थापना गरेपछि परीक्षा दिन भारत जानुपर्ने बाध्यता हट्यो । वि.सं. १९९० को पहिलो एसएलसी परीक्षा चलिरहँदा माघ २ गते महाभूकम्प आएपछि रोकिएको परीक्षा पाँच महिनापछि टुँडिखेलको खुला मैदानमा गराइएको थियो । ३४ जना सहभागी सो परीक्षामा १९ जना उत्तीर्ण भए, जसमा भक्तपुरका पुष्पभक्त मल्ल ५७.५८ प्रतिशत अंकसहित नेपालकै पहिलो 'बोर्ड फस्ट' बने । पहिलो परीक्षामा फाराम भरेकी एक मात्र छात्रा अनुपस्थित भएपछि वि.सं. २००४ मा मात्र साहना प्रधान, साधना प्रधान, अंगुरबाबा जोशी र भुवनसिंह गरी चारजना छात्राहरूले पहिलोपटक एसएलसी दिएका थिए ।

वि.सं. २००३ सम्म प्रश्नपत्र, जाँच र नतिजा प्रकाशन पटना विश्वविद्यालयले नै गर्ने गरेकोमा त्यसपछि मात्र सम्पूर्ण प्रक्रिया नेपाल आफैंले सञ्चालन गर्न थाल्यो । सुरुमा नेपाल राजपत्र र पछि गोरखापत्रमा नतिजा छाप्ने गरिएकामा वि.सं. २०६२ को नतिजादेखि 'बोर्ड टपर' को सूची सार्वजनिक गर्न छाडियो । वि.सं. २०७२ बाट अंक प्रणाली हटाई ग्रेडिङ पद्धति लागू गरियो भने २०७३ सालमा पुग्दा ८४ वर्ष पुरानो 'एसएलसी' नाम परिवर्तन गरी 'एसइई' कायम गरियो । कक्षा १२ लाई माध्यमिक तहको अन्तिम विन्दु मानिसकिएको वर्तमान परिप्रेक्ष्यमा १० कक्षाको यस परीक्षालाई 'फलामे ढोका' नबनाई सामान्य वार्षिक परीक्षासरह बनाउन आवश्यक छ ।

# हजुरआमाको सम्झनामा श्रेष्ठद्वारा रसुवा बाढीपीडितलाई २ लाख २२ हजार सहयोग

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, ६ असोज



मलेसियामा लामो समयदेखि होटल व्यवसाय गर्दै आएका तथा समाजसेवामा सक्रिय व्यवसायी नरेन्द्र श्रेष्ठले आफ्नी हजुरआमा जमुनादेवी श्रेष्ठको सम्झनामा रसुवाका बाढी प्रभावित परिवारलाई नगद सहयोग गरेका छन् ।

श्रेष्ठले हजुरआमाको आत्माको चिरशान्तिको कामना गर्दै रसुवामा आएको बाढीबाट प्रभावित परिवार हरूको राहत तथा सहयोगका लागि २ लाख २२ हजार २ सय २२ रुपैयाँ प्रदान गरेका हुन् । फुटबल खेल तथा खेलाडीप्रति विशेष रुचि राख्दै आएका श्रेष्ठ एन पेनाङ एफसीका सञ्चालक समेत हुन् । मलेसियामा व्यवसायसँगै सामाजिक तथा खेलकुद क्षेत्रमा समेत सक्रिय रहँदै आएका श्रेष्ठले व्यक्तिगत रूपमा हजुरआमाको स्मृतिमा उक्त सहयोग गरेको बताए । श्रेष्ठले विपद्को कठिन समयमा प्रभावित परिवारलाई थोरै भए पनि राहत पुग्ने उद्देश्यले सहयोग गरेको बताएका छन् ।

# कृत्रिम अभाव सिर्जना गरी ग्यासको कालोबजारी गर्ने पक्राउ

**रामहरि कार्की/मध्यान्ह**
ललितपुर, ६ असोज



कृत्रिम अभाव सिर्जना गरी ग्यासको कालोबजारी गरेको आरोपमा ललितपुरमा एक जना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी परिसर ललितपुरका अनुसार विशेष सूचनाका आधारमा प्रहरी वृत्त सातदोबाटो र प्रहरी प्रभाग इमाडोलबाट खटिएको टोलीले महालक्ष्मी नगरपालिका-६, सानागाउँस्थित सिद्धिपुर ग्यास स्टोरमा खानतलासी गरेको थियो ।

खानतलासीका क्रममा पसलमा रहेका ग्यास सिलिन्डरको सिलबन्दी खोली सबै सिलिन्डर रित्तो रहेको भन्दै कृत्रिम अभाव सिर्जना गरेको पाइएको प्रहरीले जनाएको छ ।

प्रहरीले स्टोरबाट सिलसहितका दुई वटा र सिल नभएका २२ वटा भरिएका ग्यास सिलिन्डर बरामद गरेको छ । बरामद सिलिन्डर कानुनी प्रक्रिया पूरा गरी नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

घटनामा संलग्न रहेको आरोपमा स्टोर सञ्चालक महालक्ष्मी नगरपालिका-६, सानागाउँका ४७ वर्षीय सरोज नेम्कुल पक्राउ परेका छन् । जिल्ला प्रहरी परिसर ललितपुरका सूचना अधिकारी प्रहरी उपरीक्षक गौतम मिश्रका अनुसार नेम्कुलमाथि ग्यासको कृत्रिम अभाव सिर्जना गरेको कसुरमा म्याद थप गरी अनुसन्धान भइरहेको छ ।


## श्री स्वास्थ्य सेवा महाशाखा
छाउनी, काठमाण्डौंको

## सरसफाई सामान र कार्यालय सामान सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**पहिलो पटक प्रकाशन मितिः २०८३/०६/०७ गते।**

श्री स्वास्थ्य सेवा महाशाखा, छाउनीको लागी आ.ब.२०८३/८४ मा चालु खर्चतर्फ बिनियोजित बजेटबाट सरसफाई सामान र कार्यालय सामानहरु खरिद खर्च शिर्षकमा बिनियोजित बजेटबाट यस महाशाखाको लागि आवश्यक पर्ने सरसफाई सामान र कार्यालय सामाग्रीहरु खरिद गर्नको लागी हार्डकपी सिलबन्दी दरभाउ पत्रको माध्यमबाट सिलबन्दी दरभाउपत्र लिन ईच्छुक फर्म/संस्था/कम्पनीको लागि यो सिलबन्दी दरभाउपत्र आव्हानको पहिलो पटक ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै विस्तृत जानकारी र सिलबन्दी दरभाउपत्र प्रस्ताव पेश गर्नको लागि श्री स्वास्थ्य सेवा महाशाखा, छाउनीमा पेश गर्न सकिने छ।

| सि नं. | कार्यक्रमको विवरण | दरभाउ पत्र दस्तुर | दरभाउ पत्र पेश गर्ने म्याद | सूचना नं. | जमानत रकम | जमानत मान्य अवधि | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | सरसफाई सामान | १०००।०० (पछि फिर्ता नहुने) | ७ दिन | NAWF/SSM/CLEANER GOODS/CHHA/2083/84/04 | १८,०००.०० | ७५ दिन | |
| २. | कार्यालय सामान | १०००।०० (पछि फिर्ता नहुने) | ७ दिन | NAWF/SSM/OFFICE GOODS/CHHA/2083/84/05 | २९,०००.०० | ७५ दिन | |



## जन्ममिति फरक परेको सार्वजनिक सूचना

**जिल्ला प्रशासन कार्यालय स्याङ्जाको पत्र संख्या ०८३।८४, चलानी नंः १५१६, मिति २०८३/०६/०१ को "दुई जन्म मिति भएको व्यक्ति एउटै भन्ने सम्बन्धमा" शीर्षकको पत्रअनुसार जिल्ला स्याङ्जा, हरिनास गाउँपालिका वडा नं ०४ निवासी भारतीय भू.पू. सैनिक नं. 5450845X, Hav, 1/5 GR कर्ण बहादुर रानाको श्रीमतीको ना.प्र.मा र सैनिक अभिलेखमा तपशिल बमोजिमको जन्म मिति फरक परेकोले फरक फरक जन्म मिति भए तापनि व्यक्ति एउटै भनी सोही व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं १३२ मिति २०८३/०५/२५ को पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनार्थ सोही व्यहोरा सिफारिस गरिन्छ ।**

**ना.प्र.मा नामथर : चित्र कला राना, नाता : श्रीमती**
**ना.प्र.मा जन्म मिति : २०२३।०९।१८ (02-01-1967 A.D)**
**सैनिक अभिलेखमा जन्म मिति : 18-88 A.D**


जन्ममिति फरक परेको व्यक्ति



## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

कालु धानुकको नातिनि, भान बहादुर धानुकको छोरी, कञ्चनपुर जिल्ला, शुक्लाफाँटा न.पा. वडा नं. ७ बस्ने यस बैंकको झलारी शाखा कार्यालयको खातावाला हिरा धानुकको मिति २०८३/०४/२८ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरा सुरेन्द्र बहादुर धानुकले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४/४२१७०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com



## स्वेडा इक्विटी फण्ड लिमिटेड
प्रधान कार्यालय, लाजिम्पाट-०२, काठमाडौं
(नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त)

### छैठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/०६**
**दोस्रो पटक प्रकाशित मिति : २०८३/०६/०७**

